# परिच्छेद : एक

# परिचय

## १.१ पृष्ठभूमि

मानव सभ्यता र संस्कृतिको विकाससँगै शैक्षिक क्षेत्रमा पनि क्रमशः विकास हुँदै आईपुग्दा वर्तमान समयमा शिक्षा सम्बन्धि विभिन्न अवधारणाहरू प्रयोगमा आईसकेका छन् । प्राचिनकालमा शिक्षा व्यवस्था वैदिक धर्मबाट अनुप्राणित संस्कृत शिक्षा परम्परा र बौद्ध धर्मबाट अनुप्राणित बौद्ध शिक्षा परम्परा गरी दुई भागमा विभाजित थियो । लिच्छवीकालमा पनि कला संस्कृति न्याय दर्शन साहित्य ज्योतिष शास्त्र आदि विषयको अध्ययन अध्यापन हुँदै आएको र मल्लकालमा जयस्थिति मल्लले आफ्ना पुजारीहरूलाई केहि व्यवहारिक र व्यवसायिक शिक्षाको  सुरुवात गरेको पाईन्छ (सिह, २०६३) ।

आजको युग ज्ञानको विष्फोटनको परिवर्तित युग हो । हामी मानव जातिको जीवन जब हाम्रा असीमित आवश्यताहरू क्रमशः परिपूर्ति हुँदै जान्छन् तब मात्र समुन्नत हुन्छ । हामी मानवजाति परिवर्तन चाहने आर्थिक सामाजिक अवस्थालाई उकास्न निरन्तर क्रियाशिल रहन्छौँ । जसको लागि स्तरीय शिक्षा, स्वास्थ्य सेवा सुविधाको उपलब्ध हुन सक्यो भने मात्र मानवीय जीवन सभ्य समुन्नत हुनुका साथै सामाजिक अवस्था सुध्रने समुदाय र राष्ट्रले समेत उपयोगी, उद्दमशील कुशल जनशक्ति प्राप्त गर्दछ (अध्ययन प्रतिवेदन,२०६४) ।

कुशल, दक्ष, योग्य, शिक्षित, सिर्जनशील, अनुशासित, मेहनती, सभ्य, स्वस्थ्य व्यक्ति बिना राष्ट्रको तिव्र उन्नती असम्भव छ । त्यसैले आजको साना नानीहरूलाई व्यवहारिक, गुणस्तरीय र सृजनशिल प्राविधिक शिक्षा दिन सकियो भने भोली राष्ट्रले कुशल राष्ट्र निर्माता देखि लिएर आर्थिक, सामाजिक क्षेत्रमा सकारात्मक प्रभाव परी राष्ट्रिय विकास प्रक्रियालाई अगाडी बढाउन सम्भव हुन्छ ।

भोली विरुवालाई राम्रो फल दिने बनाउन आज राम्रो मलजल र गोडमेलको आवश्यकता पर्दछ । भवनलाई टिकाउयुक्त बनाउन जग बलियो र मजबुद बनाउनु पर्दछ । त्यस्तै भोलीका देशका कर्णधार बालबालिकाहरूको जगलाई मजबुद बनाउन सानैदेखि गुणस्तरीय र व्यवहारिक शिक्षा अनुशासन र लगनशिलताको आवश्यकता पर्दछ । आजै देखि साना बालबालिकाहरूलाई उचित व्यवहारिक एवम् गुणस्तरीय शिक्षा प्रदान गर्न सकियो भने भविष्यमा हरेक समस्यासँग जुध्दै समस्याको समाधानका सोच गाउँ समाज र राष्ट्र विकासमा अग्रसर हुन सक्दछन् । त्यसैले आजका विद्यार्थीहरूले पाउनु पर्ने शिक्षा स्तरीय, व्यवहारिक, प्रभावकारी, शान्त व्यवस्थित विधि शैली प्रक्रिया र अवधारणामा आधारित हुनु आवश्यक छ (शिक्षक मासिक फाल्गुण २०६५) । त्यसको लागि शिक्षण संस्थाहरूले राष्ट्रिय र अन्तराष्ट्रिय मूल्य मान्यता नविनतम अवधारणालाई व्यवहारिक बनाई शिक्षण सिकाइ गर्नका लागि नेतृत्वदायी भूमिकालाई सङ्लग्न शिक्षक तथा विद्यार्थीहरूको बीचमा सौहार्दपूर्ण, बालमैत्री व्यवहार भई बाल चाहना बाल मनोविज्ञान अनुसार शिक्षण सिकाइ गर्न सकिएमा सिकाइ प्रभावकारी र उपलब्धिमूलक हुन सक्दछ ।

विद्यालय एक लघु समाज हो जसलाई शिक्षण सिकाइको औपचारिक संस्थाको रूपमा लिइएको पाईन्छ । विद्यालयमा विद्यार्थीहरूको शारीरिक, मानसिक, सामाजिक, बौद्धिक तथा संवेगात्मक पक्षको विकास गराउन विभिन्न प्रकारका ज्ञान, सीपमूलक क्रियाकलापहरू सञ्चालन गरिन्छ । यस्ता क्रियाकलापहरूले बालबालिकाको ज्ञान, सीप क्षमता अभिवृद्धि गरी प्रतिभा प्रष्फुटन गराई व्यवहारिक सक्षम र सृजनात्मक बनाउने काम गरिरहेको हुन्छ (शिक्षा विभाग, २०५९) ।

नयाँ शैली, अवधारणा विधि प्रक्रिया सिद्धान्त विद्युतीय उपागम उपकरणहरूको सक्रियतामा शिक्षण सिकाइ हुँदै आईरहेको विश्व शैक्षिक बजारमा आज परम्परावादी घोकन्ते भाषणमूखी शिक्षण सिकाइ प्रक्रियाहरूका बिस्तारै परिमार्जन हुँदै आईरहेको पाईन्छ । शिक्षण सिकाइ बालमूखी बाल मनोवैज्ञानिक अवधारणा अनुरूप अगाडी बढाई खेल्दै सिक्दै गर्ने रुचीपूर्ण तवरले सिक्ने, डर त्रास, र भयरहित वातावरणमा मनोरञ्जनात्मक ढंगले खेल्दै सिक्ने वातावरण सृजना गर्न सकिएमा मात्र विद्यालयको सिकाइ उपलब्धिमा अभिवृद्धि हुन सक्दछ (साप्ताहिक पत्रिका-विदुर खत्तिवडा २०६७ बैशाख) भन्ने मान्यता रही आएको परिप्रेक्ष्यमा

कक्षाकोठा जहाँ बालबालिकाहरू दिनको अधिकतम उपयोगी समय व्यतित गरिराखेका हुन्छन् । त्यो ठाउँ व्यवस्थित, रोमाञ्चकारी आधारभूत पक्षहरूको सही उपयोग भएको भौतिक पक्षहरूको सही व्यवस्थापन भएको, उपयुक्त प्रकारका सामग्रीहरू र तिनीहरूको उचित र व्यवस्थित रखाई भएको, रंगरोगन तथा चार्ट चित्र, पोष्टर भित्तेलेखन विषयगत कर्नर, बसाई व्यवस्थापन, फर्निचर व्यवस्थापन तथा सिलिङ वालिङ र फल्रीङको सजावट बालमित्रवट, बालसुलभ प्रभावकारी र व्यवस्थित भएको अवस्थमा शिक्षण सिकाइ दिगो र फलदायी हुन्छ ।

कक्षाकोठाको व्यवस्थापनले शिक्षण सिकाइ क्रियाकलाप शैली र गतिमा सकारात्मक प्रभाव पार्दछ । भन्ने मान्यता रहिआएको वर्तमान परिप्रेक्ष्यमा वास्तविकताको जड पत्ता लगाई सहि निष्कर्षमा पुग्न प्रारम्भिक विद्यालय उमेर समूह (३/४) वर्षका बालबालिका पढ्ने पूर्व प्राथामिक तहको कक्षामा शैक्षिक सामग्री रखाई बालपेन्टिङका विषयवस्तु व्यवस्थापन बसाइ व्यवस्थापन गर्नुपर्नाको कारण साथै भौतिक तथा अन्य शैक्षिक प्रक्रिया र बालसिकाइमा उपयोग हुने सामग्रीहरूको व्यवस्थापनमा बालरुचि चाहना र बालसुलभ बनाउन पूर्व प्राथामिक तह/बालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड अनुसारका शैक्षिक सामग्री मण्टेश्वरी विधि अनुसार कक्षामा उपलब्ध सामग्री मध्ये के कस्ता सामग्री कसरी व्यवस्थापन गर्नुपर्दछ भन्ने कुराको सही तथ्य सहित निष्कर्ष निकाल्न यो पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापन विषयमा अध्ययन गरिएको छ ।

### १.१.१ नेपालमा पूर्व प्राथमिक तहको विकास

प्राथामिक तहलाई निःशुल्क अनिवार्य र आधारभूत शिक्षाको रूपमा लिएर नेपालको कुल बजेटको १६.५% लगानी गरे पनि सबैको समान पहुँच हुन सकेको पाईदैन (एजुकेशनल पेजेज २०६५) । अझै पनि प्राथमिक उमेरका १०.९% बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् (सबैका लागि शिक्षा-२०६५) सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत नेपालको राष्ट्रिय कार्ययोजना (२००१-२०१५) बनाई यस अन्तर्गत सबैका लागि शिक्षा मूल दस्तावेज (२००४-२००९) को रणनीतिक कार्यक्रम तयार गरी कार्यान्वयन गरिराखेको छ । नेपालको अन्तरिम संविधान २०६३ ले पनि शिक्षालाई मौलिक हकका रूपमा स्वीकार

गरेको छ (सबैका लागि शिक्षा-नेपाल सरकार सहयोगी पुस्तिका) । नेपाल सरकारले प्रत्येक वर्ष विद्यार्थी भर्नाका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्दै पूर्वका लागि शिक्षाको लक्ष्य कार्यान्वयनमा हातेमालो गर्दै पाँच वर्ष उमेर पूरा नभएका बालबालिकाहरूलाई कुनै पनि हालतमा प्राथमिक तहमा भर्ना नगरी आफ्नो विद्यालय वा समुदायमा रहेको पूर्व प्राथामिक कक्षा/बालविकास कार्यक्रम सञ्चालन गर्ने र भर्ना गर्ने व्यवस्था नेपाल सरकारले मिलाउने छ (नेपाल सरकार २०६५) ।

आधारभूत प्राथामिक शिक्षा कार्यक्रम-दोस्रो चरणमा ५७०० वटा बाल विकास केन्द्रहरू शिक्षा विभागद्वारा सञ्चालन गरिने कार्यक्रम रहेको थियो (आधारभूत तथा प्राथामिक शिक्षा परियोजना II) ले दशौं योजनाको अन्त्यसम्ममा कक्षा १ मा भर्ना हुने विद्यार्थी मध्ये ४०% पूर्व प्राथामिक कक्षा वा बालविकास केन्द्र पुऱ्याउन प्र.अ. तथा शिक्षकहरूलाई अभिमूखिकरण तालिम दिने र २ लाख ६६ हजार अभिभावकहरूलाई अभिभावक शिक्षा प्रदान गर्ने व्यवस्था गरिएको छ (दशौं योजना) ।

सबैका लागि शिक्षा डकार सम्मेलनलाई कार्यान्वयनमा ल्याउने प्रक्रियालाई नेपाल सरकारले समय सापेक्ष विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आईरहेको पाईन्छ । सन् २०१५ सम्म सबैका लागि शिक्षा हासिल गर्ने उकार सम्मेलनको घोषणा अनुरूप नेपालले सन् २००३ मा बनाएको राष्ट्रिय योजनाले हरेक विद्यालय/गाउँटोल समुदायमा आधारित रहेर ७४ हजार पूर्व प्राथामिक कक्षा/बालविकास केन्द्र स्थापना गन लक्ष्य राखेको थियो (सवैका लागि शिक्षा,२००१-२०१५) ।

नेपालको विद्यालय स्तरीय तथ्याङ्क २००८ का अनुसार सामुदायिक विद्यालय तर्फका पूर्व प्राथमिक तहमा जम्मा ३५०११७ जना बिद्यार्थीमा १७१०९८ वालिका र १७९०१९ वालक रहेको देखिन्छ । (विद्यालया स्तरीय तथ्याङ्क नेपाल २००८) तर जि.शि.का पाल्पाको तथ्याङ्क २०६७ अनुसार पाल्पा जिल्लामा पूर्व प्रा.वि. तहमा छात्र ६३७३ र छात्रा ५६९८ रहेको देखिन्छ । पाल्पा जिल्लामा रहेका विद्यालय र वालविकास, पूर्व प्राथमिक कक्षाको विवरण निम्नानुसार रहेको छ ।

**तालिका १ : तहगत विद्यार्थी विवरण**

| क.सं. | विद्यालय विवरण | शिक्षण संस्था संख्या | विद्यार्थी | | विद्यार्थी जम्मा |
|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | |
| १. | पूर्व प्रा.वि | २४० | ५६९८ | ६३७३ | १२०७१ |
| २. | प्रा.वि. | ३११ | २९०१७ | २९३११ | ५८३२८ |
| ३. | नि.मा.वि | ७५ | ११८१७ | ११५२९ | २३३४६ |
| ४. | मा.वि. | १०३ | ७५७६ | ५४९६ | १३०७२ |

स्रोत :जि.शि.का.पाल्पा (२०६७)

शिक्षा विभागको तथ्याङ्क अनुसार हालसम्म २९ हजार केन्द्रहरू स्थापना भईसकेका छन् । जहाँ दुई तिहाई बालबालिका जान्छन् (शिक्षक मासिक २८-२०६७) । शिक्षा बिभागले आगामी बर्षका लागि २००० बालविकास केन्द्र थप गर्ने योजना बनाएको छ (कम्युनिकेशन कर्नर २०६७ पौष) । २०५७ सालमा ३-५ उमेरका १३% बालबालिका पूर्व प्राथामिक तह/बालविकास केन्द्रमा जान्थे भने २०६६ सालमा बढेर ६६% पुग्यो। २०५७ सालमा पाँच वर्ष उमेर पुगेका बालबालिकाको खुद प्रवेशदर ५३.७% थियो भने २०६६ मा त्यो दर बढेर ८६.४% पुग्यो । २०५७ सालमा प्राथामिक तहको खुद भर्नादर ८०.४% थियो भने त्यो दर बढेर हाल ९३.७% पुगेको छ (शिक्षा विभाग, २०६६) ।

बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकासका लागि बालविकास केन्द्रको अवधारणा राणाकालको अन्त्यतिर नै भित्रिएको हो । नेपालको व्यवथित एवम् बैज्ञानिक रा.शि.प.यो.२०२८-२०३२ ले शिक्षाको संरचना, तहगत उद्देश्य निर्धारण गरी शिक्षा प्रणालीलाई व्यवस्थित गर्ने प्रयास सुरु गरे उक्त संरचना र उद्देश्यलाई २०४६ सालको जनआन्दोलन पश्चात गठित राष्ट्रिय शिक्षा आयोग २०४९ मा तहगत उद्देश्य पुरा गर्न औपचारीक शिक्षा तर्फ पूर्व प्रा.वि., प्रा.वि., नि.मा.वि., मा.वि. र उच्च मा.वि.रहेको संरचना सिफारिस गरयो । जुन सरचना र उद्येश्य अझसम्म कायमै छ (सिह २०६३:२६९) ।

२०४८ साल अघिसम्म पूर्व प्राथमिक तहको अवधारणा कार्यान्वयन देशव्यापी हुन सेकेको थिएन । शै.स. २०४८/४९ मा लागु गरिएको आधारभूत तथा प्राथामिक शिक्षा परियोजनाले

शिशु कक्षाको रूपमा यो अवधारणा देशव्यापी रूपमा विस्तार गरायो तत्पश्चात क्रमशःपूर्व प्राथामिक तहको/बालविकास केन्द्र स्थापना सञ्चालनमा व्यापकता हुँदै आएको पाईन्छ । तर पनि शहर र सदर मुकाम आसपासका क्षेत्रमा पूर्व प्राथामिक/बालविकास कक्षाको विस्तार मनग्गे भए पनि ग्रामिण समुदाय जहाँ गरिबी र कुपोषणको समस्या बढी भएका दर्गम क्षेत्रमा न्युन संख्यामा स्थापना भई सञ्चालन भएका छन् जहाँ बालबालिका बढी समस्यामा छन् । विद्यालयहरू टाढा रहेकाछन् जहाँ केन्द्रको आवश्यकता बढी छ त्यहाँ विस्तार हुन सकेका छैनन् । सरकारी अकडा अनुसार एक तिहाई ३/४ वर्ष उमेर समूहका बालबालिका केन्द्रको पहुंच बाहिर छन् ।

पूर्व प्राथमिक कक्षा (शिक्षक मासिक पूर्णाङ्क २८) स्थापना भएका अधिकांश बालविकास केन्द्र पनि मूल अवधारणा अनुसार सञ्चालन हुन सकेका छैनन् । यसको मुख्य कारण अभिभावकमा व्याप्त भ्रम र गलत धारणालाई लिन सकिन्छ (शिक्षक मासिक २०६७ ) ।

अभिभावकहरूको मुख्य जोड ३/४ वर्षको बच्चा पूर्व प्रा.वि.वा बालविकास केन्द्रमा गएपछि फरर्र नेपाली, अंग्रजी अक्षर चिनुन भन्नेमै रहेको छ । जबकि बालविकासले त्यो भन्दा धेरै गुना राम्रो वैज्ञानिक र व्यवहारिक सोच राख्दछ । त्यसैले पूर्व प्रा.वि.का बच्चाहरू ठूलो भारमा छन् । किनकी अभिभावकहरूको चाहना अनुसार भनेर पूर्व प्राथामिक तहमा/बालविकास केन्द्रमै कक्षा १ मा जस्तै अक्षर घोकाउनेमै जोड दिएको पाईन्छ नकी उनीहरूको सबै पक्षको विकासमा । जन्मेदेखि ३ वर्षसम्मको बच्चालाई ७५% हेरचाह चाहिन्छ भने २५% मात्र सिक्ने अवस्थामा हुन्छन् । ३ देखि ५ वर्षसम्मको बच्चालाई ५०% हेरचाह चाहिन्छ भने ५०% नै सिक्ने क्षमताको विकास भईसकेको हुन्छ (शिक्षा विश्वकोष) बालबालिकाहरूको शारीरिक अंग सिकाइ क्षमता आँखावाट ७५%, कानवाट १३%, हातवाट ६%, मुखवाट ३% कानबाट २% अन्य १% रहेको हुन्छ । (जि.शि.का.न.प भित्ते पात्रो २०६७/ सिकाइ मनोविज्ञान) ज्ञानेन्द्रियको प्रयोगले सिकाइमा १०% सुनेर २०% सुनेर र देखेर ४०-७०% सुनेर देखेर र गरेर तथा ८०-१००% अनभुभव अभ्यास गरी पत्ता लगाएर हुन्छ (प्रशिक्षण पुस्तिका, २०६२) ।

कुल क्षेत्रफल १३६३ वर्ग कि.मी. रहेको पाल्पा जिल्लाको पूर्वमा नवलपरासी उत्तरमा तनहुँ र स्याङ्गजा पश्चिममा गुल्मी र अर्घाखाँची दक्षिणमा नवलपरासी र रूपन्देही रहेका छन् । यहाँ १ नगरपालिका ६५ गा.वि.स. मा जम्मा १७ वटा स्रोतकेन्द्रहरू रहेका छन् । अध्ययनमा केन्द्रित रामपुर र गाँडाकोट स्रोतकेन्द्र अन्तर्गत रहेका ६५ वटा सामुदायिक विद्यालयहरू मध्ये ४१ वटा अर्थात ६३ प्रतिशत विद्यालयले पूर्व प्राथमिक तहको कक्षा सञ्चालन गरेको पाइन्छ । अध्ययनमा केन्द्रित विद्यालयमा जम्मा ४१ जना शिक्षक र जम्मा १०५६ विद्यार्थी रहेका छन् । स्रोत केन्द्र स्तरीय प्रतिवेदन २०६७

### १.१.२. कक्षाकोठा व्यवस्थापनको ऐतिहासिक विकासक्रम

१६ औं १७ औं सताब्दीमा भएको सामाजिक परिवर्तनले शिक्षाको सोचमा परिवर्तन ल्यायो शिक्षालाई व्यक्तिको जीवनसंग सम्बन्ध स्थापित गराउने प्रयास सुरु भयो । शैक्षिक डेमोक्राइट्स जस्ता दार्शनिकहरूले शिक्षा बिकासमा उल्लेख्य योगदान गरेको पाइन्छ (वाग्ले, २०६४ : १८७) । शिक्षा विकास र व्यवस्थापनमा प्लेटो (इ पु ४२८), अरस्तु (इ पु ३८५) रुसो (१७१२ इ.) गान्धि -(१८६९इ.) जन डिवे (१८५९इ) ले महत्वपूर्ण दार्शनिक विचार अबधारणा र सैद्धान्तिक योगदान दिएको पाइन्छ ।

सिकाइ फलदायी उपलब्धिमूलक बनाउन कक्षाकोठामा उपयुक्त सिकाइ सामाग्रीहरू सहित उचित तबरले आर्कषक हुनेगरी व्यवस्थापन गरी व्यवस्थापन गर्नुपर्ने अवधारणाको विकासकम फ्रेडरिक फ्रोवेल (१७८३) को किन्डर गार्टन पद्दती मार्फत व्यवहारिक बनेको पाईन्छ । पछि जन डिवेले ज्ञान त प्रकृतिको अन्तरकृयाबाट हुन्छ भन्ने दर्शन मार्फत बालकेन्द्रित सिकाइ गर्न प्रर्याप्त सिकाइ सामग्री सहितको व्यवस्थित वातावरण हुनुपर्ने कुरामा जोड दिएको पाईन्छ । (वाग्ले.ढकाल २०६४:१९७) फ्रोवेलको विचारबाट प्रभावित मन्टेश्वरीले सन् १९०३ मा प्रकाशन गरेको सैद्धान्तिक दर्शन मार्फत कक्षाकोठा व्यवस्थापन प्रकृयालाई आवश्यक उपयुक्त र प्रयाप्त सिकाइ सामग्री सहित आकर्षक सजावट गरी व्यवस्थापन गर्नुपर्ने कुरामा जोड दिएको पाईन्छ । व्यवस्थित सजावट र आकर्षणयुक्त कक्षाकोठाबाट सिकाइ दिगो र उपलब्धीमूलक हुने अभिमत विभिन्न दर्शनशास्त्रीहरूको रही आएको पाईन्छ ।

नेपालमा कक्षाकोठा व्यवस्थापनको अबधारणा शैक्षिक प्रणालीको विकासको क्रमसंगै हुदै आएको भएता पनि रा. शि.प.यो. २०२८ अनुसार गरिएको संरचनात्मक व्यवस्था मार्फत क्रमस व्यवहारिक हुदै आएको पाईन्छ । कक्षाकोठा व्यवस्थापन सम्बन्धका विभिन्न लेख रचना र अबधारणा आए पनि प्रजातन्त्रको पुर्नस्थापना पश्चात मात्र कक्षाकोठा उपयुक्त र आवश्यक सिकाइ सामग्रीहरू सहित व्यवस्थापन गर्नुपर्ने कुरामा व्यवहारिकरूपले द्रुतगतिमा विद्यालय र कक्षाकोठामा लागू गर्दै आएको पाईन्छ ।

पूर्व प्राथमिक विद्यालय भन्नाले शिक्षा ऐन २०२८ दफा २ अनुसार स्थापना भएको ३/४ वर्ष उमेर समूहका बालबालिकाहरूलाई प्राथामिक तह पूर्वको शिक्षा दिने विद्यालय हो (प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका-नेपाल सरकार) ३/४ वर्ष समूहका बालबालिकाहरूलाई दिइने शिक्षा पूर्व प्राथमिक शिक्षा हो । यस उमेर समूहका बालबालिकाहरूलाई ज्ञानेन्द्रियको प्रयोग गरेर सिकाउनु पर्छ । क्रियाकलापको माध्यमबाट सिक्न प्रेरित गर्नुपर्दछ । बालबालिकाहरूलाई ख्यालख्यालका होइन साचिकै क्रियाकलापहरू गर्न प्रक्रियामा स्वतन्त्रता दिनु पर्दछ (मारिया मन्टेश्वरी १९१०) केटाकेटीहरू कुनैपनि काम आफू विश्वस्त नहुन्जेल त्यसलाई दोहोऱ्याईरहन्छन् । खेलको माध्यमबाट धेरै वास्तविक क्रियाकलापहरू सिक्ने गर्दछन् । केटाकेटीहरू किताबमा भएका कुराहरू भन्दा सच्चिक्कै दुनियामा भएका कक्षामा टाँसिएका सूचना, चित्र, लेखोट, बजारका साइनबोर्ड आदि पढ्ने कुरालाई महत्व दिन्छन् (शिक्षक मासिक गौतम जयराम, २०६६) । सानो उमेर समूह पूर्व प्राथमिक उमेर समूहका केटाकेटीको आफ्नै दुनिया हुन्छ । उनीहरूलाई बाध्यात्मक रूपले सिकाउने भन्दा स्वतन्तत्ररूपले गरेर हेरेर सिक्ने सिक्नका लागि सिक्ने अभिप्रायले मनोरन्जनात्मक तरिकाले सिकाउनु पर्दछ (नेपाल सरकार, २०६२ : १९) ।

४ वर्ष उमेर पुगेका बालबालिका १० देखि १५ मिनेटको दुरीमा रहेका प्राथमिक विद्यालयको पूर्व प्राथमिक कक्षामा भर्ना गरिन्छ । जसलाई ५ वर्ष उमेर पुगेपछि कक्षा १ मा भर्ना गर्ने गर्नुपर्दछ (प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्वन्धी निर्देशिका नेपाल सरकार) । चार वर्ष उमेर पुगेका बालबालिकाहरूलाई १ बर्ष पूर्व प्राथमिक कक्षामा शिक्षा दिए पश्चात कक्षा १ मा १ वर्ष पछि ५ वर्ष उमेर पुगेपछि भर्ना गर्ने शिक्षा ऐनले व्यवस्था गरे पनि ३/४

बर्षका बालबालिकाहरूलाई २ वर्ष सम्म शिक्षा दिने गरेको पाईन्छ जुन प्रारम्भिक वालविकास केन्द्र पूर्व प्राथमिक कक्षा वा बलबालिकाहरू राखी विद्यालय भित्र एउटा तालिम प्राप्त सहयोगी कार्यकर्तावाट छुट्टै कक्षामा ४/४:३० घण्टा सम्म बालबालिकाको स्तर सुहाउदो कृयालापद्वारा बालबालिकाको चौतर्फी विकास गराई कक्षा १ का लागि तयारी गरिन्छ (मार्गदर्शन पुस्तिका, २०६५) ।

आजको शिक्षा परम्पराबादी घोकन्ते रटन्तेमा सीमित हुनुहुदैन । बिकसित मुलकहरूमा शिक्षण सिकाइ नविन प्रर्वतनात्माक बिधि पद्धति र अवधारणहरू अनुसार हुदै आइरहेको पाईन्छ । (शिक्षक मासिक २०६६ डा.विद्यानाथ कोइराला बैशाख) हाम्रो जस्तो बिकासन्मुख देशहरूमा नविनतम अवधारणाहरूको सफल कार्यन्वयन हुन वर्षौ लाग्ने यर्थाथता देखिएता पनि शिक्षाको गुणस्तर अभिबृद्धि गर्न, सिकाइलाई सक्रिय बनाई रोचक व्यवस्थित वातावरणमा शिक्षण सिकाइ गर्नु आजको आवश्यकता र महत्व हो । त्यसैले परिवर्तित सर्न्दभमा समायोजन हुनसक्ने सक्षम व्यबहारिक नागरिक तयार गर्न स्वभाविक रूपले खेलमा रुची राख्ने पूर्व प्राथमिक तहमा पढ्ने साना बालबालिकाहरूको कक्षाकोठाको वातावरण रुची र चाखपूर्ण तवरले सजाइएको कक्षालाई सिकाइ थलोको रूपमा विकास गरी वाल मित्रवत ढंगले सिकाउनु जरुरी देखिन्छ (कक्षाकाठामा मनोविज्ञान-रेगिम आदि) । निश्चित मापदण्डका आधारमा वनोट व्यवस्थित तथा आर्कषक कक्षाकोठा सजावट भएका पुर्व प्राथमिक तहको कक्षामा शिक्षण सिकाइ शैलीमा पनि बाल मनोवैज्ञानिक अवधारणा अवलम्वन गरेको पाइन्छ । कक्षाकोठामा राखिने चित्र पोष्टर भित्तेलेखिका विषय वस्तु प्राकृतिक अवस्था देखाउने साम्रगी बसाइको व्यवस्थापन विषयगत कर्नर, जवचार्ट डिस्प्ले, वोर्ड जङ्क र किटवक्स र भौतिक वनौट र अन्य विविध बाल सिकाइमुलक साम्रगीहरूको सजावट र व्यवस्थापनमा कुन विधि, तरिका, सिन्द्धान्त तथा अवधारणाको अवलम्वन गर्ने र सिकाइ साम्रगीहरूमा के कस्ता सामाग्रीहरू कसरी व्यवस्थापन गरिएमा बालसुलभ, उपलब्धी मुलक, व्यवहारिक र प्रभावकारी हुनसक्छ भन्ने कुरा चासो र महत्वको विषय रहेको छ ।

## १.२ समस्याको कथन

पूर्व प्राथमिक विद्यालय भनेको ३/४ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि प्राथमिक विद्यालय पूर्वको शिक्षा दिने विद्यालय हो । (शिक्षा ऐन २०२८) ३/५ वर्ष भित्रका सर्वाङ्गिण विकास र प्राथमिक शिक्षाको लागि तयारीको रूपमा पूर्व प्राथमिक विद्यालय वा प्रारम्भिक वाल विकास केन्द्रको रूपमा सञ्चालन गर्ने नेपाल सरकारको नीतिगत प्रावधान रहेको छ । यसै सन्दर्भलाई हेर्दा पूर्व प्राथमिक कक्षा वा वालविकास केन्द्रहरू द्रुत गतिमा विस्तार भईरहेको पाइन्छ । तर विभिन्न अध्ययन प्रतिवेदनहरू लेख, स्थलगत सर्वेक्षणका आधारमा हेर्दा कार्यक्रमको संख्यात्मक वृद्धि भएता पनि पूर्व प्राथमिक कक्षाको मर्म तथा मानक दण्ड अनुसार गुणात्मकरूपमा बृद्धि हुन सकेको देखिदैन । हालको पूर्व प्राथमिक कक्षाको अवस्थालाई हेर्दा बालबालिका लागी कक्षाकोठा मैत्रीपूर्ण बनाउनुपर्ने देखिन्छ ।

पूर्व प्रथमिक कक्षा वा बालविकास केन्द्रमा बालबालिकाले भविष्यमा आफूले जान्नु र सिक्नु पर्ने धेरै विषयहरूलाई सामान्य औपचारिक प्रकृयाको परिधिभित्र रहेर खेल, बालगीत, कथा, कविता, कुराकानी, अवलोकन, चित्र, नाटक जस्ता क्रियाकलापहरूको माध्यमवाट ज्ञान र सीपको व्यवहारिक अवधारणा बसालिन्छ (मार्गदर्शन पुस्तिका २०६५) । सानै उमेरमा अवधारणा स्पस्ट भएमा बालबालिकाले पछि विद्यालयमा सिकाउने कुनै पनि विषयलाई सहज तरिकाले बुझ्ने गर्दछन र सिकाइ तथा पढाइलाई बोझकारूपमा नलिइ माथिल्ला कक्षाहरूमा पनि खुद भर्ना सिकाइ उपलब्धि आदिमा बृद्धि हुनुका साथै विद्यालय छाडने क्रम पनि घट्दछ । पूर्व प्राथमिक कक्षा वा बालविकास केन्द्रमा बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक र राजनैतिक पक्षको विकास गर्ने एथेष्ट मौका प्रदान गरिने भएकोले बाल्यअवस्थाको विकासात्मक अधिकार सुनिश्चित गर्न एक बलियो आधार मानिन्छ । त्यसैले किन कक्षाकोठा व्यवस्थापन गर्नु जरुरी छ यसको कारणहरू र समस्या सहित यस उमेर समूहका (पूर्व प्राथमिक कक्षा) बालबालिकाहरूको लागि सिकाउन प्रयोग गरिने शैक्षिक सामग्री के कस्ता भएमा उत्तम हुने र ती सामग्री कसरी कक्षमा व्यवस्थापन गरिएमा सिकाइ उपलब्धीमूलक र बालबालिकामा सकरात्मक प्रभाव पार्दछ । पूर्व प्राथमिक तहको कक्षाकोठा व्यवस्थापनको अवस्थाको तुलनात्मक अध्ययन अनुसन्धान गरी उपयुक्त कक्षाकोठाको व्यवस्थापनको मापदण्ड के हो ? व्यवस्थापनलाई थप फलदायी कसरी बनाउन

सकिन्छ यसले सिकाइमा के कस्तो प्रभाब पार्दछ भनि विद्यालयका कक्षाकोठा व्यवस्थापन गर्ने तरिका प्रकृया र उपायहरू सहित निष्कर्ष पहिल्याउने जस्ता समस्याहरूको मनन गरी पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापनलाई समस्या कथनको रूपमा लिइएकोछ ।

## १.३ अध्ययनको औचित्य

सिक्ने र सिकाउने थलो कक्षाकोठा हो । पूर्व प्राथमिक कक्षा उमेरका बालबालिकाहरू खेल र मनोरञ्जन प्रति वढि आकर्षित हुन्छन् । उनीहरूलाई खेल तथा कविता मनोरञ्जनात्मक ढँगले सिकाउन सकिएमा औपचारिक सिकाइको बोझ महसुस नगरिकन सिक्न सक्दछन् । उनिहरूलाई बालमनोबैज्ञानिक अवधारण अनुसार गरेर सिक्ने प्रयोगात्मक र अभ्यास सिकाइलाई सफल कार्यान्वयनमा लैजान सिकाइ क्षमता र उपलब्धिमा अभिबृद्धि गराउन कक्षाकोठाको व्यवस्थित वातवरणले के कसरी प्रभाव पार्दछ । कक्षाकोठा व्यवस्थापनको अवस्था कस्तो छ कक्षा व्यवस्थापन देखेको समस्याहरू पत्ता लगाई पूर्व प्राथमिक तहको कक्षाकोठा के कसरी व्यवस्थापन गरिएमा कक्षाकोठा सिकाइको थलो बन्दछ । यदि कक्षाकोठा व्यवस्थापनले सकरात्मक प्रभाव पारेको तथ्य देखाउछ भने व्यवस्थापन गर्ने उपयुक्त तरिका तथा उपाय सम्वन्धि तथ्य पत्ता लगाउन यस विषयमा अध्ययन गरिएकोछ । अध्ययनको निश्कर्षले कक्षा व्यवस्थापन प्रभावकारीता र शैक्षिक गुणस्तर कायम गराउन विद्यालयका शिक्षक विद्यार्थी अभिभावक विद्यालय प्रशासन विद्यालय व्यवस्थापन पक्ष पूर्व प्राथमिक कक्षा संचालक समिति, विद्यालयका निकट सरोकार पक्षः शिक्षक, वि.व्य.स., अभिभावक, विद्यार्थीहरू लाई पूर्व प्राथमिक तहको कक्षाकोठा आकर्षक वालमित्रवत वालरुचिपुर्ण बाल मनोवैज्ञानिक ढँगले उपयुक्त व्यवस्थापन गर्न ठोस कदमहरू चाल्नका लागि यो अध्ययन उपयोगी हुनेछ । अध्ययन नव शोधार्थीहरूका लागि समेत उपयोगी रहने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापनको बर्तमान अवस्था पहिचान गर्नु ।

ख) कक्षाकोठा व्यवस्थापन र सजावटका अधारमा पूर्व प्रथमिक तहको विद्यार्थीको सिकाइ

तुलना गर्नु ।

ग) कक्षाकोठा व्यवस्थापनमा देखापरेका समस्याहरू पत्ता लगाउनु ।

घ) कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरूको समाधानका लागि उपयुक्त उपायहरू सुझाउनु ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरू

क) पूर्व प्राथमिक तहको कक्षाकोठाको बर्तमान अवस्था के कस्तो छ ?

ख) पूर्व प्राथमिक तहको कक्षाकोठाको व्यवस्थापन पूर्व प्राथमिक कक्षाकोठाको राष्ट्रिय न्युनतम मापदण्ड अनुसार पुग्न सकेको छ छैन । मापदण्ड पूरा गर्न के गर्नु पर्ला ?

ग) सिकाइमा कक्षाकोठा व्यवस्थापनले के कस्तो प्रभाव पार्दछ ?

घ) वर्तमान समयमा पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापनमा देखिएका मुल समस्यहरू के के होलान् ?

ङ) पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापन गर्नु पर्नाको मुख्य कारणहरू के के होलान् ?

च) पूर्व प्रथमिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन गर्ने उपयुक्त उपायहरू के के होलान ?

छ) कक्षाकोठा व्यवस्थापनलाई प्रभावकारी बनाउन कक्षाकोठामा के कस्ता सिकाइ सामग्रीका व्यवस्था गर्नु पर्दछ ?

ज) पूर्व प्राथमिक तहको कक्षाकोठा व्यवस्थापनमा देखापरेका समस्याहरूको समाधान के कसरी गर्न सकिन्छ ?

## १.६. अध्ययनको परिसीमा

पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापनले बालबालिकाको सिकाइमा के कस्तो प्रभाव पारेको हुन्छ ? किन व्यवस्थापन गर्नु पर्छ ? व्यवस्थापनमा के समस्या रहेकाछन् ? देखिएका समस्या समाधान गर्न के कस्ता सिकाइ सामग्रीहरू के कसरी कक्षामा व्यवस्थापन गर्नुपर्दछ भनी तथ्य तथ्याङ्क मार्फत अध्ययन अनुसन्धान गरी विश्लेषणात्मक रूपमा यथार्थता पहिल्याउन पूर्व प्राथामिक तहमा कक्षाकोठा व्यवस्थापन विषयक शीर्षक छनौट गरी अध्ययन गरिएको यस शोध कार्य लुम्बिनी अञ्चल पाल्पा जिल्ला अन्तर्गतका गांडाकोट

स्रोतकेन्द्र र रामपुर स्रोतकेन्द्र भित्रका ४ वटा पूर्व प्राथमिक कक्षाको स्थलगत अध्ययनमा केन्द्रित गरिएको छ । कम समय सीमित श्रोत साधनका बावजुद पनि यो शोध कार्य गरिएको छ । यस शोध कार्य माथि उल्लेखित चारवटा विद्यालयका पूर्व प्राथमिक कक्षाको स्थलगत अवलोकन,तथ्याङ्क सङ्कलन, अभिलेख शिक्षक (स.का.) प्र.अ., अभिभावक एवम् विद्यर्थीहरूसंगको अन्तवार्ता तथा प्राप्त प्रतिक्रियामा आधारित छ । अध्ययनमा गांडाकोट र रामपुर स्रोतकेन्द्र भित्र संचालित पूर्व प्राथामिक तहको कक्षाकोठालाई मात्र आधारमानी यस शोध कार्यलाई विश्लेषण गरिएको छ ।

## १.७ सान्दर्भिक शब्दावलीहरूको परिभाषा/अर्थ

यस शोध कार्यमा प्रयोग भएका शब्दावलीहरूले निम्न अर्थ बुझाउने छन् :-

उपयुक्त व्यावस्थापन : कक्षाकोठाको सजावट पूर्व प्राथामिक तह/बालविकास केन्द्रको न्युनतम मापदण्ड अनुसार भएको, आकर्षक बालभावना रुची अनुसार भई व्यवस्थित भएको ।

सामन्य व्यवस्थपन : कक्षाकोठा व्यवस्थापन मापदण्ड अनुसार नभएको, आकर्षक नभएको ।

व्यवस्थापन मापदण्ड : कक्षा सजावटका लागि आर्कषक बनाउने मूलभूत पक्ष सामग्रीहरूको राष्ट्रिय मापदण्ड अनुसार सही व्यवस्थापन भएको ।

बालमित्रवत : बालबालिकालाई मित्र जस्तै मान्ने ।

कार्यढाँचा : काम गर्ने नीतिगत सिद्धान्तगत आधार भएको विविध लेखौट ।

बाल सुलभ : बालबालिकाहरूलाई सुहाउदो सुविधा युक्त ।

फल्रिङ बालिङ र सिलिङ : भुइको व्यवस्थापन, भित्ता व्यवस्थापन र भित्री छत व्यवस्थापन ।

श्रोतकेन्द्र : विद्यालयहरूको समूहगत स्थितिको नेतृत्व केन्द्र ।

जनसंख्या : अध्ययनका लागि नमूना छनौट गरिएका प्र.अ, शिक्षक, अभिभावक र विद्यार्थीहरू ।

| | |
|---|---|
| मन्टेश्वरी सामग्री | : मन्टेश्वरी विधि अनुसार वालवलिकाहरूलाई शिक्षण गर्दा सिकाइ सहज र प्रभाव कारी वनाउन प्रयोग गरिने रोचक, आकर्षक सिकाइ सामग्रीहरू । |
| अध्ययन क्षेत्र | : अध्ययनको लागि नमूना छनौट गरिएको विद्यालयहरू । |

# परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

कुनै पनि शोध कार्य सम्पन्न गर्नका लागि सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाकाको आवश्यकता पर्दछ । जसले यस भन्दा पहिले कुन कुन क्षेत्रमा के कस्ता किसिमका शोधकार्य गरिएको रहेछ र अहिले गर्ने शोधकार्यमा के कस्तो सहयोग पुरयाउछ । भन्ने कुराको जानकारी दिन्छ भने सैद्धान्तिक खाकाले शोधकार्यलाई अन्य बाटोमा जान नदिई निश्चित मार्गमा निर्दिष्ट गर्नमा सहयोग पुऱ्याउदछ । यस परिच्छेदमा सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

कक्षाकोठा व्यवस्थापनको तरिका प्रकृयाका सम्वन्धमा प्रसस्तै जानकारी लिन सिकिने विभिन्न माध्यमहरू भएता पनि वास्तवमा कार्यन्वयन तहमा तथा कक्षाकोठालाई किन र कसरी उपयुक्त व्यवस्थापन गर्ने, शिक्षण सामग्री, खेलसामग्री र सिकाइमा प्रयोग हुने रोचक सामाग्रीहरू के कसरी व्यवस्थापन गर्ने यसले सिकाइ वातावरणमा के कस्तो र कसरी कुन कुन आधारमा प्रभाव पारेको छ भन्नेकुरा अन्यौलताको अवस्थामानै भएकोले यथार्थता पहिल्याई निश्कर्षमा पुग्नका लागि सम्वन्धीत पूर्व साहित्यहरूको पूनरावलोकनले ठूलो भूमिका खेल्ने भएकोले अध्ययनको मेरो शीर्षकसंग  सहायक हुने सम्वन्धी महत्वपूर्ण साहित्य तथा स्तरीय सन्दर्भ ग्रन्थ पुस्तक, लेख रचना अवधारणा पत्रपत्रिका तथा वेबसाईटहरूको अध्ययनबाट प्राप्त जानकारीहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालक गर्ने थलो कक्षाकोठा हो । कक्षाकोठा बालबालिकाहरू सामान्यताय ६ घण्टा वसेर सिकाइ कार्यमा सङ्लग्न हुन्छन् । कक्षाकोठा वाहिर बसेर सिकाइ कार्यमा सङ्लग्न हुने अवसर कमै हुने गर्दछ त्यसैले कक्षाकोठाको उपयुक्त सिकाइका लागि प्रमुख वातावरणीय अनुकुलता हो । कक्षाकोठाको उपयुक्त अवस्थाले सिकाइलाई सरल र सहज बनाउन सहयोग पुऱ्याउदछ । कक्षाकोठालाई  शिक्षण सिकाइका लागि उपयुक्त हुने

किसिमले व्यवस्थित गर्नु पर्दछ । भौतिक व्यवस्थापन अन्तर्गत भवन, फर्निचर, सुकुल, गुन्द्रि, कार्पेट, सरसफाई, प्रकाश हावा तापक्रम इत्यादिको उपयुक्त व्यवस्थापन पर्दछन् । बसाइ व्यवस्थापन अन्तर्गत विद्यार्थीको उमेर सुन्ने बुझ्ने क्षमताका आधारमा कालेपाटी रखाइ अन्य सामग्री रखाइ सिकाइ क्रियाकलाप सञ्चालनको अवस्थालाई विचार गरेर भुई वा कक्षामा बसाइको व्यवस्था पर्दछ । सामग्री व्यवस्थापनमा - पाठ्यपुस्तक चित्रचार्ट, पुस्तकालय सिकाइ र खेल सामग्री तथा विभिन्न औजार र उपकरणहरूको रखाइ पर्दछ । साथै कक्षाकोठाको सामाजिक र भौतिक वातावरणको उचित व्यवस्थापन गर्दै कक्षाकोठामा शिक्षण सिकाइ तयारीका लागि सरसफाई, फर्निचर, विद्यार्थीको बसाइ व्यवस्था, शिक्षण सिकाइ सामग्री व्यवस्थापन, कक्षाकोठा सजावट भित्ते लेखन कालोपाटीको व्यवस्थापन जस्ता विषयवस्तहरूलाई अभिन्न अंगका रूपमा लिनु पर्दछ (पौडेल-२०६४: १८४) ।

सामान्य अर्थमा पढ्नु, लेख्नु, बौद्धिक कुराकानी गर्न सक्नु, दैनिक जीवनको गणितिय कृयाकलाप गर्न सक्नु दैनिक जीवनमा आईपर्ने व्यवहारिक र कृयाकलाप र समस्या सामाधान सक्नु तथा नागरिक सामाजिक, सृजनात्मक र बैज्ञानिक भावनाको विकास गर्न सक्नुलाई शिक्षा भनिन्छ । शिक्षा बिना देशको चौतर्फी विकास हुन सक्दैन । यसरी समाज र राष्ट्रविकासमा टेवा पुऱ्याउन सक्ने जनशक्ति उत्पादन गर्नका लागि गुणस्तरिय प्रविधिक व्यवहारिक तथा जीवनउपयोगी शिक्षाको आवश्यकता पर्दछ । सिकाइ दिगो र फलदायी वनाउन सिकारुलाई अनुभवजन्य क्रियाकलापहरूबाट गरेर सिक्ने वातवरण बनाउनु पर्दछ (सिह २०६३) ।

बालकको ३/४ वर्ष उमेर जसलाई पूर्व प्राथमिक कक्षाको उमेर भनिन्छ । उक्त उमेरका बालबालिकाको सार्वाङ्गिण विकास र प्राथमिक शिक्षाको लागि तयारीको रूपमा पूर्व प्राथमिक कक्षा वा प्रारम्भिक वालविकास केन्द्रको स्थापना र सञ्चालन गर्ने नीतिगत प्रावधान रहेको छ । यसै सन्दर्भमा वर्तमान समयमा पूर्व प्राथमिक कक्षा वा बालविकास केन्द्र (विद्यालयमा आधारीत र समुदायमा आधारित) द्रुततर गतिमा बृद्धि भएको पाईन्छ । समय समयमा विज्ञ व्यक्ति तथा प्राज्ञिक निकायहरूको अध्ययन न्यनतम मापदण्ड निर्धारण गर्नुपर्ने नेपाल सरकार शिक्षामन्त्रालयको ठहर भएको पाईन्छ । त्यसकाल लागि पूर्व प्राथमिक तहको कक्षामा कक्षाको न्यनतम मापदण्ड तयार गरी बालबालिकाको उमेर र रुची क्षमता सुहाउदो

सिकाइ अनुकुलतामा भित्री र बाहिरी वातावरणको व्यवस्था गर्नुपर्ने । बालबालिकाहरूलाई आवश्यक सेवा सुविधा प्रदान गर्नु पर्ने, बालबालिकाले भविष्यमा जान्नुपर्ने र सिक्नुपर्ने धेरै विषय वस्तुहरूलाई खेल, बालगित, कथा, कविता, कुराकानी, अवलोकन चित्र, नाटक तथा विविध अर्कषक र रुचीकर सिकाइ सामग्री प्रयोग र प्रदर्शन जस्ता कृयाकलापको माध्यमवाट अवधारणगत रूपमा स्पष्ट पारिन्छ । सानै उमेरमा अवधारण स्पष्ट भएमा पछि विद्यालयमा सिकाइने कुनै पनि विषयलाई राम्रो संग बुभ्दछन् र वीचमै पढाई छाडने क्रम घटन जान्छ । पूर्व प्राथमिक कक्षाको वालविकास केन्द्रमा प्रारम्भिक बाल्यावस्थाको अधिकार सुनिश्चित गर्दै बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकास गर्ने यथेष्ट मौका दिईन्छ । पूर्व प्राथमिक तह वा बालविकास केन्द्रको हुनु पर्ने न्युनतम सिकाइ सामग्री र मापदण्ड तथा आदर्श मापदण्ड विषय क्षेत्र र उपक्षेत्रगत रूपमा तयारित आधारहरूलाई कार्यन्वयन गरी ३.५ उमेर समूहका बालबालिकाको सार्वाङ्गिण विकासको अधिकार सुनिश्चित गर्ने साल बालिकाको स्वास्थ्य पोषण र सरसफाइको स्थिति सुधार गर्ने र प्राथमिक शिक्षाको निम्ति तयारीका लागि सिक्ने क्षमताको वृद्धि गर्ने जस्ता लक्ष्य पूर्व प्राथमिक कक्षाको रहेको पाइन्छ । सवैका लागि शिक्षाको अवधारणलाई नीतिगत कार्यन्यवयन गर्न सहयोग पुऱ्याउन तथा सवै पूर्व प्राथमिक तह/बालविकास केन्द्र बीच एक रूपता ल्याइ न्यनतम आवश्यकता अभिबृद्धि गरी गुणात्मक सुधार गर्ने जस्ता उद्देश्यका साथ यो मार्गदर्शन तयार भई कार्यान्वयन तहमा आएको पाइन्छ (शिक्षा विभाग (२०६५) ।

शैक्षिक गुणस्तर बढाउनका लागि राष्ट्रले आफ्नो स्रोत र साधनले भ्याए सम्म कोशिस गरेको पाइन्छ । नेपालले सन २०१५ सम्म देशको साक्षरता प्रतिशत ९०% पुऱ्याउने लक्ष्य लिएको छ । हाम्रो देशमा आज शिक्षा क्षेत्रमा राष्ट्रको कुल वजेटको १६.५% खर्च छुट्टयाएको पाईन्छ । रा.पा.२०५८ ले समेत प्राथमिक तहको शिक्षालाई जीवनयोगी शिक्षाको रूपमा चित्रण गरेकोछ । प्राथमिक तह सम्मको शिक्षा २०३१ मा आएर निःशुल्क बनाइए पनि अझै सम्म प्राथमिक तहसम्मको शिक्षा पनि अनिवार्य हुन सकिरहेको छैन (काफ्ले, २०५४) ।

सन १९९० मा थाइल्यैन्डको जोमतिङमा भएको शिक्षा मन्त्रीहरूको सम्मेलनले सन २००० सम्ममा सबैका लागि शिक्षा घोषणा गऱ्यो तर एक दशक वितिसक्दा पनि उल्लेख्य उपलब्धि हासिल गर्ने सम्भावना नदेखिएपछि विश्व शिक्षा मञ्चले सेनेगलको डकारमा अप्रिल २०००

मा सवैका लागि शिक्षामा पुन प्रतिबद्धता जाहेर गर्न सम्मेलन बस्यो । नेपालले पनि प्रतिवद्धता जाहेर गरेको छ । आज देशमा सबैका लागि शिक्षा सम्वन्धी प्रविबद्धता पूरा गर्न प्रारम्भिक बालविकास कार्यक्रमको स्थापना, व्यवस्थापन र विस्तार तथा सुधार प्राथमिक शिक्षामा सवैको समान पहुचको सुनिश्चितता विभेदको अन्त्य शिक्षालाई मौलिक तहको रूपमा स्थापित गरी निशुल्क र अनिवार्य गुणस्तरीय शिक्षा सवैलाई दिन स्वच्छ व्यवस्थित साधन सम्पन्न शैक्षिक वातावरण तयार पार्ने लक्ष्य उद्देश्यहरू निर्धारण गरेको पाईन्छ (सबैका लागि शिक्षा कार्यक्रम २०११-२०१५) ।

शिक्षाको जगको रूपमा रहेको पूर्व प्राथमिक कक्षाका बालबालिकाहरूको पढाइ, भोगाइ र सिकाइले उन्नत समाजको जग स्थापनामा प्रतिनिधित्व गर्दछ । विद्यालय क्षेत्र सुधार कार्यक्रमले समेत कार्यन्वयन गरी पूर्व प्राथमिक कक्षाको व्यवस्थापनको अवस्थामा सुधार ल्याई गुणात्मक अभिवृद्धि गराउने लक्ष्य लिएको पाईन्छ । सवैका लागि शिक्षा अन्तर्गत नेपालले २००३ मा बनाएको कार्ययोजना अनुसार समुदाय र विद्यालयमा आधारित ७५ हजार बालविकास केन्द्रहरू स्थापना गर्ने लक्ष्य राखेको थियो । हाल २०६६ सालको राष्ट्रिय तथ्याङ्कलाई हेर्दा ३-५ वर्ष उमेर समूहका ६६ प्रतिशत बालबालिका बालविकास कक्षा वा पूर्व प्राथमिक तहमा जान्छन् । कक्षा दोहोर्‍याउने, छाडने र उपलब्धी न्युन हुनुका कारण शिक्षकको पढाउने शैलि, कक्षाकोठाको बसाइ व्यवस्थापन र शिक्षण सामग्रीको अभाव रहेको पाइन्छ । प्राथमिक तहको सिकाइ उपलब्धी वृद्धि गर्नका लागि शिशु कक्षामै खेली खेली सिक्ने बालमैत्री र अन्तरकृया मुखी सिकाइ आधारित कक्षा सञ्चालन गरी प्राथमिक तहमा समेत सो वाल रुची र मनोरञ्जनात्मक ढंगको शिक्षण सिकाइ पद्धती अवलम्वन गरी सिक्ने सिकाउने वातावरण प्रदान गरिनु पर्दछ (शिक्षक, २०६७ :२८) ।

सेभ द चिल्ड्रेन एलायन्स, (२०६२) का अनुसार बालविकासको चौतर्फी विकासका लागि आवश्यक आधारभुत कुराहरू प्राप्त गर्ने घर पछिको दोस्रो ठांउ विद्यालय हो । विद्यालयमा बालबालिकाहरूले पाठ्यपुस्तक शिक्षकको पढाउने शैली र व्यवहार विद्यालयको नीति नियम शैक्षिक सामग्रीहरूको प्रयोग जस्ता क्रियाकलापहरूवाट सिक्ने गर्दछन् । बालबालिकाहरूलाई रमाईलो संग सिक्ने वातवरण भएको तथा उनीहरूको सिक्ने गति र क्षमता अनुसार पठनपाठन गर्ने विद्यालयनै बालमैत्रि विद्यालय हो । बालमैत्री विद्यालयले

वाल वालिकाको रुचि, क्षमता र स्तरको कदर गर्ने सिकाइका लागि आवश्यक शिक्षण सामग्री र वातावरण एवम् पाठ्यक्रमको व्यवस्था गरिएको हुन्छ । बालमैत्रि विद्यालयमा शारीरिक, मानसिक दण्ड र बालदुर्व्यवहार वर्जित रही वाल भावना रुची क्षमता विचार अनुसार मनोवैज्ञानिक ढंगले खेल्दै सिक्दै गर्ने स्वतन्त्र मौका सहित रमाइलो र आनन्दमय वातावरणमा सिकाइन्छ । बालमैत्रि विद्यालय बालबालिकाको गुणस्तरीय सिकाइ र बालबालिकाको आत्मा विश्वास र गौरव वढाउनका लागि हो । बालबालिकाको आत्म विश्वास र आत्म गौरब बढाउनु हो ।

पाण्डे, (२००९) का अनुसार कक्षाकोठालाई सिकाइ थलोको रूपमा विकास गराउनु कक्षाकोठाको बातावरण वालमैत्रि र शिक्षण मैत्रि हुनु पर्दछ । बालमैत्रि कक्षाकोठा बनाउन कक्षाकोठा स्वागत योग्य र सुरक्षित, आकर्षक र व्यवस्थित, सकरात्मक र सहयोगी, प्रोत्साहित र अभिप्रेरित परिवर्तनशील र उत्साहपूर्व तवरको वातारण बनाई भौतिक निर्माण, भोतिक साधन तथा फर्निचरहरू उपयुक्त रखाई, शैक्षिक सामग्री, बालचाखपूर्ण खेलौना र साधनहरूको उपयुक्त रखाई उपयुक्त तवरले भित्ते लेखन विषयगत कर्नर फल्र सेटिङ वालिङ र सिलिङको उपयुक्त व्यवस्थापन तथा आवश्यक सामग्री र विषयवस्तु विद्यालयको कक्षा र उमेर क्षमता अनुसार हुनु आवश्यक हुन्छ ।

पूर्व प्राथमिक तह तथा वालविकास केन्द्रको पाठ्यक्रम, (२०६२) का अनुसार ३/४ वर्ष उमेर समूहका सम्पुर्ण बालबालिकाहरूको सिकइमा एकरूपता र निरन्तरता दिन आवश्यक दिशा निर्देशिका लागि वालविकास पाठ्यक्रमको विकास गरिएको छ । बालबालिकालाई सामाजिक परिवेश अनुरूप विविध शैक्षिक क्रियाकलापको माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सिकाइ क्रियाकलाप सञ्चालन गरी स्वतन्त्र खेलहरू सामग्रीको प्रयोगबाट प्राप्त गरिने अनुभन परिवेश अनुसारका स्वतन्त्र क्रियाकलाप ठाउँ परिवेश परिस्थिति र संस्कृतिलाई ध्यानमा राखी पाठ्यक्रमले तोकेको आधारभुत सिकाइ क्षेत्र र क्रियाकलाप अनुसारको सिकाइ उपलब्धी पुरा गराउन कक्षाकोठाको व्यवस्थित र बाल उत्प्रेरित सहन र मनोरञ्जनपूर्व वातावरणको महत्वपूर्ण भूमिका हुन्छ । बालविकास पाठ्यक्रले बालबालिकामा अन्तरनिहित क्षमताको अभिवृद्धि गराई उनीहरूलाई भविष्यमा असल जीवनयापन गर्न तथा

क्षेत्रगत भारको प्रस्तुत गर्नुका साथै बालबालिकाको सर्वाङ्गिण विकासको लक्ष्य राखेको पाईन्छ ।

बाल्यकाल मानव जीवनको अत्यन्त महत्वपूर्ण र संवेदनशील समय हो । यस अवस्थामा देखेको भोगेको सुनेको गरेको कुराहरूले उसको सम्पूर्ण जीवनलाई प्रभाव पारेको हुन्छ । त्यसर्थ बालबालिकासंग गरेको क्रियाकलापहरूले बालबालिकाको सर्वोत्तम हितलाई सहयोग पुऱ्याउछन् की पुऱ्याउदैन गम्भिरताका साथ लिइनु पर्दछ । वयस्कको दृष्टिकोणले गरेको थुप्रै क्रियाकलापहरू बाल परिवेशमा उपउक्त नहुन सक्छ । त्यसर्थ बालबालिकाका निम्ति गरिने क्रियाकलाप उनीहरूको पक्षवाट हेरी बाल विचार परिस्थिति बालमनोवैज्ञानिक र विशेष आवश्यकताहरूलाई ध्यान दिई वाल सुलभ, सहज, वाल पहुँच हुने गरी बालबालिकाको चौतर्फी विकासलाई ध्यानमा राखी वनाउनु पर्छ बालबालिकाले सुलभ र स्वच्छ वातावरणमा सार्थक शिक्षा आर्जन गर्ने मनोरञ्जन खेल, आराम गर्ने, बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकासका निमित्त आवश्यक पर्ने सुविधा र अवसरहरू प्राप्त जन्मसिद्ध अधिकार पाउनु पर्छ (धिताल ,२०६०) ।

शिक्षण सिकाइलाई प्रोत्साहन गर्ने वातावरण अनुकुल शिशु विकास केन्द्रको स्थापना र सञ्चालन गर्ने भौतिक सुविधा कक्षाकोठाको अवस्था बाल भावना वालसुलभ रुची अनुसारको हुनुपर्ने व्यवस्था गरेको छ (शिक्षा ऐन, २०६३ : २६) ।

राष्ट्रिय मूल्याङ्कन, (२०६५) मा फुलव्राइट कन्सल्टेन्सीले शिक्षा विभागका लागि गरेको एक अध्ययनरत अनुसार प्राथमिक तहको औसत सिकाइ औसत सामाजिक विभाग बाहेक ५०% भन्दा कम देखिएको छ भने समग्र सिकाइ उपलब्धी दर ४८.८०% रहेको पाइन्छ । हाल कक्षा १ मा भनै भएका भध्य १० प्रतिशतले पढाई छाड्दछन् । कक्षा दोहोऱ्याउने दर कक्षा १ मा २६ % र प्राथमिक तहमा १५% रहेको छ (शिक्षा विभाग २०६५) ।

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्वन्धी निर्देशिका २०६१ ले बाल सिकाइ सन्दर्भ सामग्रीको विकास र उचित प्रयोगको बन्दोवस्ता मिलाउने पूर्व प्राथमिक कक्षाको भौतिक एवम् शैक्षिक सुविधा विकासका लागि भवन, खेल मैदान, धारा पानी, शौचालय, खेल

सामग्री, शिक्षण सिकाइ सामग्री आदिको व्यवस्था सम्वन्धीत सरकारी निकाय र संस्थाले गर्ने व्यवस्था गरेको छ ।

प्राथमिक तहमा भर्ना संख्या बढाउनका लागि पूर्व प्राथमिक कक्षा (शिशु कक्षा) देखि मायालु वातावरणमा रमाउने र विद्यालय प्रति आकर्षण बनाउने, बढाउने शिक्षण गर्दा चित्रहरू प्रदर्शन र प्रयोगात्मक विधिले गर्नु पर्दछ । आधारभुत तहमा बालबालिकाको सरल संयोजनका लागि उनिहरूलाइ शरीरिक मानसिक रूपले तयार पार्नु बालविकास कक्षाको प्रमुख भुमिका रहेको उल्लेख गरेको छ (सर्वाङ्गिण रा.शि.स., २०१८) ।

३-५ वर्षे साना बालबालिकाहरू अवसर खेलमा बढ्ता रुचि राख्ने स्वभावका हुन्छन् । यस उमेर समूहका बालबालिकाहरूलाई उचित पारिवारिक वातावरणमा सामान्य औपचारिक विधि अपनाएर स्वतन्त्र ढंगले सिकाउन जरुरी हुन्छ । त्यसका लागि पूर्व प्राथमिक कक्षा वा बालविकास कक्षाको व्यवस्थित वातावरणमा सृजनशील, आनन्दित र मनोरन्जनात्मक अभ्यासबाट खेल एवम् सहायक कृयाकलापहरूद्वारा सिकाउने वातवरण प्रदान गर्न सकियो भने मात्र बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, बौद्धिक र सामाजिक विकास हुन्छ । बालबालिकाहरूको सार्वाङ्गिण विकासका लागि उपयुक्त पक्षहरूलाई ग्रहण गरी उचित वातावरण दिने हो भने भाबी मार्गमा सहयोग पुग्दछ र उनीहरूले राम्रो प्रगति गर्न सक्दछन् (बालबिकास, २०५९) ।

बाल अधिकार महासन्धि १९८९ का अनुसार बालबालिकालाई दिने शिक्षा व्यक्तित्व र शारिरिक मानसिक क्षमताको पूर्व प्रखरताको विकास गर्न राज्य पक्षले बालबालिकाको आराम गर्ने फुर्सद पाउने, उमेर सुहाउदो खेल र मनोरञ्जनपूर्ण गतिविधिमा सङ्लग्न हुन पाउने अधिकारलाई मान्यता दिनेछन् (यु.एन.सि.आर. सि-१९८२, धारा २९, ३१) । बालबालिकाको हक हितको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन २०४८ तथा बालबालिका नियमावली २०५१ ले पनि बालवालिकलाई शारिरिक अवस्था र उमेर अनुकुल खेलाउन, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम एवम् अन्य अतिरिक्त क्रियाकलापमा सङ्लग्न गराई शिक्षण सिकाइमा सङ्लग्न गराउन सकिने प्रावधान रहेको पाइन्छ । साथै रियद निर्देशक सिद्धान्त–१९९० ले समेत कलिला बालबालिकाहरूको सफल सामाजिकिरिण र

एकत्रितिकरणलाई मद्दत पुऱ्याउन विद्यालयले व्यक्तिगत विकासको लागि उचित सम्मान गरिनुपर्ने उल्लेख भएको पाईन्छ (बाल अधिकार कानुनमा के छ, २०५९) ।

विद्यालयमा साना उमेर समूहका बालबालिकालाई सकरात्मक उर्जा दिने खालको वातावरणमा विभिन्न खेल र सिकाइ सामग्रीहरूको प्रयोगबाट विना कुनै दवाव स्वतन्त्रता पुर्व ज्ञानेन्द्रियहरूद्वारा प्रयोगात्मक अभ्यासबाट सिक्ने वातावरण तय गरिनु पर्दछ (साप्ताहिक, २०६७ बैशाख) ।

साना ३-५ वर्ष उमेर समूहका बालबालिकाहरूलाई पढाइको कारणवाट कुनै प्रकारको तनाव महसुस नगराई खेल्दै नाच्दै, छोएर पढेर अभ्यास गरी सुघेर सक्रिय जागरणका साथ सिकाइ प्रकृयामा सङ्लग्न रहेर तालिम प्राप्त शिक्षक आकर्षक सजावटयुक्त व्यवस्थित कक्षाकोठाको उपयुक्त सिकाइ वातावरणमा सिकाउनु पर्दछ (शिक्षक, २०६५:११) ।

शिक्षण सिकाइमा बालबालिकालाई सजाय दिनु हुदैन बच्चालाई जुनकुरा उपयोगी हुन्छ त्यो कुरा अनुभव प्रयत्न र उमङ्गका साथ स्वतन्त्रताका ढंगले आफै सिक्न दिनु पर्छ । बाल बालिकाहरूलाई गरेर सिक्ने वातावरण निर्माण गरी सक्रिय बालसुलभ वालकेन्द्रित विधि र क्रियाकलापहरूको आधारमा शिक्षक केन्द्रित परम्परागत शिक्षण नमूनाहरूलाई विस्थापित गरी बालकेन्द्रित शिक्षण सिकाइलाई स्थापित गर्न कक्षाकोठाको वातावरणमा सुधार, बसाइ व्यवस्थामा सुधार शिक्षण सिकाइ सामग्रीहरूको उचित व्यवस्थापन र प्रयोग, बालमनोविज्ञानको आधारमा रमाइलो वातावरणमा कक्षा क्रियाकलापहरू सञ्चालन गर्नु पर्दछ (आचार्य, २०६५) ।

शैक्षिक उपलब्धी बढाउन पारिवारिक वातावरणले पढाइमा चासो दिनुपर्ने, विद्यालयमा मायालु वातावरण हुनु पर्ने, बालकेन्द्रित शिक्षण विधि अपनाउनु पर्ने, साथी साथी बीच सौहार्दपूर्ण वातावरण हुनुपर्ने, शैक्षिक सामाग्रीको प्रयाप्त र उचित प्रयोग गर्दा सृजनात्मकता, व्यवहारिकता र प्रयोगात्मक कार्यलाई जोड दिनु पर्ने उल्लेख भएको छ (वसेल,२०६५) ।

शिक्षण सिकाइ गुणस्तरका लागि विद्यार्थी विद्यार्थी बीचको आपसी सम्वन्ध समन्वय र घुलमेलले ठूलो प्रभाव पार्नेहुँदा कक्षाकोठामा सहभागितात्मक सम्वन्धको विकास गराउन बसाइ व्यवस्थापन, खेलककुद तथा बालबालिकाहरू बीचको सिकाइ गतिशिलता बढाउनु पर्दछ (पोखेल, २०६५) ।


सिकाइ गुणस्तर र प्रभावकारी वनाउन बालमैत्री र दण्डरहित वातावरण सृजना गरी कक्षाकोठाको आकर्षक बालसुलभ, आरमदायी बनाउने, भुई बसाइको राम्रो व्यवस्था गराउने कक्षाकोठाको चारैतिर कालोपाटी विषयगत कर्नर चित्र पेन्टिङ्ग सहित भौतिक अवस्था र विद्यालयको सिकाइ बालमैत्री हुनुपर्दछ (एजुकेशनल पेजेज, २०६४ मंसिर) । पूर्व प्राथमिक तहको कक्षाकोठामा दक्ष मानवीय सीपको प्रयोग गरी, प्रयाप्त सिकाइ सामग्रीको व्यवस्था गरी, बालसुलभ हुनेगरी व्यवस्थापन गरेर सिकाइ गर्ने वातावरण सृजना गर्नु पर्दछ ।

## २.२ सैद्धान्तिक खाका

यस अध्ययनवाट प्राप्त तथ्य तथ्याँङ्क सूचना तथा जानकारीहरूलाई विश्लेशष गर्न मारिया मन्टेश्वरी पद्दतीको सैद्धान्तिक अवधारणा, र फ्रेडरीक फ्रोबेलको सैद्धान्तिक अवधारणा गरी दुई सिद्धान्तलाई कक्षाकोठा व्यवस्थापनको सैद्धान्तिक खाकाको रूपमा अध्ययन गरिएको छ ।

कक्षाकोठको व्यवस्थापन र शिक्षण सिकाइको प्रभावकारीताको बीचमा सकरात्मक एवम् गहिरो सम्वन्ध रहेको तथ्य विभिन्न सैद्धान्तिक अवधारण र बैचारिक ढाँचा नमूना, दर्शनहरू मार्फत व्याख्या बिश्लेषण गरेको पाईन्छ । यस अध्ययन संग सम्वन्धीत पूर्व अध्ययन अनुसन्धानको आधारमा पूर्व प्राथमिक तहको कक्षाकोठा व्यवस्थापन गर्ने तरिका तथा उपाय पत्ता लगाउन निम्नानुसारको अवधारणात्मक रूपरेखा उल्लेख गरिएको छ :

**कक्षाकोठा व्यवस्थापनको अवधारणात्मक रूपरेखा**




स्रोतः बालमित्रवत विद्यालय शिक्षक प्रशिक्षण पुस्तिका (२०६२)

उक्त अवधारणत्मक रूपरेखामा कक्षाकोठामा उपयुक्त शैक्षिक वातावरण सृजना गर्न सिलिङ., वालिङ.र फलरिङ्ग आकर्षक सजावटयुक्त सिकारुको मन लोभ्याउने गरी व्यवस्थापन भएमा शिक्षक, बिद्यार्थी र समदायको गौरवको स्थल निर्माण भइ सिकाइ रुचीप्रद, सहज, फलदायी र दिगो हुने सैद्धान्तिक मान्यता रही आएको छ ।

## २.२.१. मन्टेश्वरी विधि

कक्षाकोठा व्यवस्थापनको तरिका तथा उपाय कार्यान्वयन तहमा पुऱ्याउनका लागि मारिया मन्टेश्वरीको अनुसन्धानात्मक सैद्धान्तिक विधिको अध्ययनलाई अनिवार्य र महत्वपूर्ण मानिन्छ । फ्रेडरिक अगस्ट फ्रोवेलको किन्डर गार्डेन पद्धतिको विचारवाट प्रभावित एक महान शिक्षाशास्त्री डा. मारिया मन्टेश्वरी एम.डि, १८७० मा ईटालीमा जन्मेर पूर्व विद्यालय शिक्षामा नयाँ पद्धतिको विकास गर्ने प्रशिद्ध शिक्षाविद हुन । उनले प्रतिपादन गरेको पूर्व

विद्यालय शिक्षाको शिक्षणलाई मन्टेश्वरी शिक्षण पद्धति भनिन्छ । मन्टेश्वरी विधीमा बालबालिकाहरूले प्रर्याप्त शैक्षिक सामाग्रीलाई उनीहरूको सजिलो पहुँच र आकर्षक हुने गरी कक्षाकोठामा राखेर व्यवस्थापन गर्नुपर्दछ । यसरी गरिएको व्यवस्थापनले मात्र बालबालिकाले सजिलोसँग सिक्दछ भन्नेमा केन्द्रित रहेको छ (डव्लुडव्लुडव्लु. मन्टेश्वरी. इडियु) ।

मन्टेश्वरी रोमको एक मानसिक अस्पतालमा काम गर्दा उनी केहि मन्द बुद्धिका र अपाङ्ग केटाकेटिहरूको सेवामा लागेकि थिइन । उनले त्यसबेला ती केटाकेटीहरूलाई नयाँ शिक्षण विधिको सूरुवात गरिन । २८ वर्षको उमेरमा उनी मानसिक अपाङ्गता विद्यालयको डाइरेक्टर भइन्, २ वर्षको हेरचाह पश्चात उनीहरू सामान्य बालबालिकाहरू जस्तै विद्यालय शिक्षामा संफलता पाउन सफल भए त्यसपछि उनले त्यस्ता मानसिक अपाङ्गगता भएका बालबालिकाहरूको क्षमताको अध्ययन गर्ने विचार लिइन र फेरी मानवशास्त्र र मनोविज्ञानको अध्ययनका लागि विद्यालय फर्किइन ।

१९०७ मा इटालीको सान लोराञ्जोमा उनले एउटा नयाँ कामको सुरुवात गरिन त्यहाँको पुरानो अपार्टमेन्टका साना फोहोरी खाना नपाएका दुब्ला ख्याउटे केटाकेटीहरूलाई एक ठाउँमा राखेर हेर विचार गर्ने योजना बनाइन त्यसको जिम्मा अपाार्टमेन्टको व्यवस्थापककी छोरी क्यन्डिडालाई दिइएको थियो । केटाकेटीलाई एउटा ठूलो कोठामा जम्मा गरी केटाकेटीको घरको रूपमा स्थापित गरी ख्याउटे केटाकेटीको स्वागत गर्न कोठाभित्र पसीन, मन्टेश्वरीले पहिलो स्वागतमै केटाकेटीको मनमा बालसुलभ उत्सुकता जगाई उनिहरूको अनुहारमा अलिकति मुस्कान थपिदिइन त्यहि क्षणमा उनले थाहैनपाइ आफू प्रसिद्ध हुने एउटा अद्‌भुतकामको थालनी गरिन । ३७ वर्षकी मारिया चिकित्सक, प्रध्यापक महिला अधिकारवादीका रूपमा इटाली भित्र परिचित भएपनि सानलोराञ्जोमा सूरुगरेको कामले उनलाई विश्व विख्यात बनाउदै लग्यो । सानलोराञ्जोको केटाकेटीको घरमा सकेसम्म धेरै समय उपस्थित भएर केन्डिडालाई सघाउने र केटाकेटिको व्यवहारको अध्ययन गर्थिन । उनले आफूले पहिलो अपाङ्गहरूलाई प्रयोग गरेको शिक्षण सामग्रीको सेट त्यहाँ झिकाइन र केटाकेटीले ती सामग्री संग खेल्दाखेल्दै र गल्ती गर्दा गर्दै सिक्थे यसको प्रमुख सिद्धान्त केटाकेटीले आफैले पत्तालगाउछन् र सिक्दछन् भन्ने हो । उनको अनुसन्धान केटाकेटीहरू

आफै आफ्ना लागि उपयुक्त क्रियाकलापहरू छान्दछन् र ज्ञानेन्द्रियमा आधारीत सामग्रीबाट केटाकेटीहरूले के गर्ने भन्ने आफै पत्तालगाउछन् भन्नेमा आधारति थियो ।

केटाकोटिको उक्त घर स्थापना भएको दुई वर्ष पछि सन १९०९ मा मारिया मन्टेश्वरीको काम अनुसन्धानको तहबाट अघि वढि अभियान वा आन्दोलन नै बन्यो । उनको अनुसन्धान वा अभियानको परिणामको रूपमा सन् १९१० मा उनको सैद्धान्तिक अवधारणामा आधारीत उनको पुस्तक मन्टेश्वरी विधि प्रकाशित भयो । मन्टेश्वरी विधिमा उनले केटाकेटीको घरवाट सिकेको कुरा लेखेकी थिइन केटाकेटीहरू कुनै काम आफु विश्वस्त नहुन्जेल त्यसलाई दोहोऱ्याईरहन्छन् । सामग्री प्रयोगको लागि उनीहरूलाई स्वतन्त्रता चाहिन्छ । कक्षाकोठामा भएका प्रयाप्त सिकाइ सामग्रीहरूलाइ खेल र अभ्यासका क्रममा प्रयोग गरी सके पछि खोजेको वेला सजिलो संग भेटिउन भनी उनीहरू आफै सही ठांउमा मिलाएर राख्दछन् । मन्टेश्वरीले पछि घरमा गरेको अध्ययनका वारेमा लेखिन जसमा उनले केटाकेटीले कसरी सिक्दछन्, कसरी व्यवहार गर्दछन् भन्ने कुराको गहिराईसम्म कसरी पुगिन भन्ने कुरा उल्लेख गरेकी छन् ।

मारिया मन्टेश्वरीले बालबालिकाहरूलाई स्वतन्त्र ज्ञानेन्द्रियहरूको प्रयोग र खेलद्वारा शिक्षण गरिने विचारलाई मन्टेश्वरी विधिका रूपमा विकसित गरिन । उनको शिक्षण सिद्धान्तमा प्रयोगमा ल्याईने शिक्षण सामग्रीलाई मन्टेश्वरी सामग्री भनिन्छ । उनको पद्धतीको प्रमुख सिद्धान्तमा मन्टेश्वरी सिकाइ सामग्रीहरूको प्रयोग गरी आन्तरिक विकास, स्वतन्त्रता, प्रयोगात्मक खेल स्व अनुभब शिक्षण गरीनुका साथै पूर्व प्राथमिक विद्यालय उमेर समूहका बालबालिकाहरूलाई विभिन्न कक्षाहरूमा प्रयोगात्मक र शारीरिक अभ्यासका केही कामहरू गर्ने ईन्द्रियहरूलाई निश्चित सामाग्रीद्वारा अभ्यस्त गराउने गरिन्छ ।

यसरी मन्टेश्वरीले बालमनोबैज्ञानिक भावनामा केन्द्रित रहेरको विकास गरेको पूर्व विद्यालयको शिक्षण पद्धती विश्वभरी प्रसिद्ध रहयो । आज झन मन्टेश्वरी शिक्षण विधि विश्वका विभिन्न मुलुकहरूमा सफलरूपमा सञ्चालित छ (वाग्ले, २०६४) ।मारिया मन्टेश्वरी पद्धतीमा बालकहरूलाई पारिवारिक बातवरणमा हुर्काइन्छ । विद्यालयलाई नै एक प्रकारको बालकको घरको रूपमा हेरिन्छ । शिक्षकहरूको बात्सल्यपूर्ण व्यवहारवाट

बालबालिकामा मायाप्रेम तथा आपसी बिश्वासको भावना विकास गराईन्छ विद्यालय भवन खुल्ला स्वच्छ, हावादार, भान्साघर। स्नानगृह आदि र भवनको चारैतिर रुख एवम् फूलवारी खेलमैदान कक्षाकोठामा फर्निचर खेल र सिकाइका सामग्रीहरूको उचित प्रवन्ध गरिएको आकर्षक बनाईएको हुन्छ ।

मन्टेश्वरी पद्धतीलाई उपयुत्त सिकाइ सामग्रीहरूको प्रबन्ध गरी कक्षा व्यवस्थापन र सिकाइ प्रभावकारितामा भरपुररूपले उपयोग गर्न सकिने भएकोले पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापनको तरिका विधि प्रकृया तथा सीपको यथार्थ निष्कर्षमा पुग्न सोही सैद्धान्तिक अवधारणालाई मुल आधार बनाइएको छ ।

### २.२.२ फ्रेडरिक विलियम फ्रोवेल

सन् १८८३ मा जर्मनीमा जन्मेका फ्रेडरिक फ्रोवेल १७८९ मा जेना विश्वविद्यालयमा प्रकृति विज्ञान विषयमा अध्ययन गरी आर्थिकका कारण बीचमै पढाइ छाडेपछि डा, गुनरको सम्पर्कले पेस्तालोजीको विद्यालयमा शिक्षकको काममा नियुक्त भए । उनी सन् १८१९ मा सैनिक सेवामा लागेका फ्रोवेल युद्धको अन्त्य भएपछि फ्रोवेल पुरातत्व सग्रालयमा काम गर्न थाले यसैक्रममा उनले विभिन्न दर्शन र दृष्टिकोणमा आधारित कृतिहरू प्रकाशनमा ल्याए । फ्रोवेल दार्शनिक भन्दा पनि एक महान शिक्षाशास्त्री एवम् मनोविज्ञानविदका रूपमा चिनिन्छन् (वाग्ले, २०६४) ।

फ्रोवेलले प्रतिपादन गरेको शिक्षण पद्धतीलाई बाल बगैचा (किन्डर गार्टन) भनिन्छ । उनले यस पद्दतीलाई व्यबहारिकता दिन युनिभर्सल जर्मन एजुकेशनल इन्स्टीच्युट (१८१६) स्थापना गरे । उनले १८३७ मा किन्डर गार्टन नामको विद्यालय खोले । जसमा बालकलाई गीत, उपहार, वालरुचीपूर्ण रोचक सामग्री, खेल र स्वःक्रियाकलापद्वारा सिकाइन्छ । फ्रोवेलको किन्डर गार्टन पद्धतीमा बालकलाई उसले चाहे अनुसारको शैक्षिक सामग्रीहरू पूर्णरूपले उपलब्ध गराई खेल्दै सिक्दै गर्ने वातावरण अपनाई सिकाइन्छ । यसरी सिकाउन कक्षाकोठामा प्रयाप्त शैक्षिक सामग्रीहरू बालपहुँच हुने गरी व्यवस्थापन गर्नुपर्दछ । भनी यस पद्धतीमा उल्लेख गरिएकोछ ।

पूर्व प्राथमिक तहको कक्षाकोठा व्यवस्थापनमा बालरुचिपूर्ण बनाउन फ्रोवेलको किन्डर गार्टन पद्दती अपनाउंनु आवश्यक देखिन्छ । कक्षाकोठामा सिकाइ सामग्रीहरू व्यवस्थापन गर्न शैक्षणिक कियाकलापहरूको व्यवस्थापन गर्न, मनोवैज्ञानिक ढंगले शिक्षण सिकाइ गर्ने अबधारणालाई व्यवहारिकता दिने कुराहरू फ्रोबेलको पेडागोजी अफ द किन्डर गार्टन (१८०२) मदर प्ले एण्ड नर्सरी साइन्स (१८५३) मा प्रस्तुत गरिएको छ । जसलाई कक्षाकोठा व्यवस्थापनमा उपयोग गरिएमा उपयुक्त व्यवस्थापन हुने देखिन्छ ।

## २.३ शैक्षिक उपादेयता

यस शोध कार्यमा सम्बन्धित साहित्यको समिक्षात्मक विवरणहरूले उक्त विषयवस्तुमा पहिले के कस्ता र कति अध्ययन भएका रहेछन् भन्ने वारेमा स्पष्ट हुनेछ । अध्ययनलाई सहि निष्कर्षमा पुर्‍याउनका लागि सम्वन्धित साहित्यको पुनरावलोकन गरेर अध्ययनलाई अर्थपूर्ण र नयां वनाउन सकिन्छ । साथै अध्ययन बाट पत्ता लागेको कुरा यस क्षेत्रमा सामान्यीकरण गर्न मद्दत मिल्दछ ।

यस अनुसन्धानमा सम्वन्धित साहित्यको पुनरावलोकनले अध्ययनलाई सहि मार्ग निर्देशन गर्न र निश्चित सिद्धान्त तय गर्न मद्दत मिलेको छ । अध्ययन गर्ने कममा विषय शीर्षकलाई विषयान्तर हुनवाट बचाई शोधलाई संगठित र उद्देश्यमुखी बनाउनुको साथै बौद्धिक खुराकहरू दिन समेत उपयोगी हुनेछ । कहिलेकाही धेरै विषयवस्तु समेट्न खोज्दा बृहत्तर भई आउन सक्ने सैद्धान्तिक विचलनलाई जोगाउन समेत साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याउने हुँदा यसको शैक्षिक उपादेयता रहेको छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

अनुसन्धानको समग्र प्रकृयानै अध्ययन विधि हो । अनुसन्धानको विस्तृत नक्साको रूपमा अध्ययन विधिलाई लिइन्छ । अध्ययन विधिले अनुसधान योजनाको कार्यन्वयन प्रकृयालाई प्रष्ट पार्दछ । आनुसन्धान कार्य व्यवस्थित, नतिजाको बिश्वासनियता र बैद्यता कायम गर्न अध्ययन विधि प्रमुख अंगको रूपमा रहेको हुन्छ । यस अध्ययनमा उल्लेखित अध्ययन बिधिलाई निम्नानुसार उल्लेख गरिएको छ :

## ३.१ अनुसन्धानात्मक ढाँचा

अध्ययन कार्यका लागि पूर्वी पाल्पाका गाँडाकोट र रामपुर गरी दुई वटा स्रोतकेन्द्रका विद्यालय मध्ये गोलाप्रथा नमूना सङ्कलन बिधिद्वारा विद्यालय छनौट गरिएको छ । यस अध्ययनमा पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापनको अवस्था पहिचान गर्न, सम्बन्धित पक्षको लेखाजोखा गर्न, समस्या पहिचान र समाधानका उपायहरू सुझाउने उद्देश्यहरू परिपूर्ति गर्नका लागि गुणत्मक र वर्णनात्मक बिधिलाई जोड दिईएको छ । प्रस्तुत अध्ययनको ढांचा गुणात्मक भएतापनि परिमाणात्मक तथ्याङ्क एवम् सूचनाहरूले अध्ययनलाई प्रभावकारी बनाउनका लागि सहयोग पुर्‍याएको छ । अध्ययनको शीर्षकले पूर्व प्राथमिक तहमा कक्षाकोठा  व्यवस्थापनका विषयवस्तुहरू माग गरेकोले पूर्णतः स्थलगत अध्ययन र प्राथमिक तथ्यांकमा बढी जोड दिई गुणात्मक र वर्णनात्मक ढांचामा अध्ययनलाई सीमित गरिएकोले अध्ययनको प्रकृति मिश्रित ढांचामा आधारित छ ।

## ३.२. जनसंख्या तथा नमूना छनौटका आधारहरू

अध्ययन क्षेत्र पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत लुम्बिनी अञ्चलको पाल्पा जिल्लाको सुदुरपूर्वी क्षेत्र विद्यालय स्रोत केन्द्रहरू गाडाकोट स्रोत केन्द्र रामपुर स्रोतकेन्द्रका वाकामलाङ, गांडाकोट सहलकोट, दर्छा, रामपुर, खालिवन, सिलुवा गा.वि.स. गरी जम्मा ७ वटा गा.वि.स. भित्र रहेका विद्यालयहरू हुन । यी गा.वि.स.हरू मध्ये ६ वटा गा.वि.स. मा मगर समुदायको बाहुल्यता रहेको छ भने अध्ययन क्षेत्र रामपुर गा.वि.स. मा अन्यन्त्रबाट बसाई सरी आउनेहरूको संख्या तिब्रगतिमा बढिरहेको पाइन्छ । यस क्षेत्रका मानिसहरूको मुख्य पेशा कृषि हो भने व्यापार व्यबसाइ वैदेशिक रोजगारी सरकारी नोकरी आदिमा पनि सङ्लग्न रहेको पाइन्छ ।

पूर्वी पाल्पाको सबै तह संञ्चालित विद्यालय पर्ने गरी रामपुर श्रोत केन्द्र अन्तर्गत रहेका दर्छा, रामपुर, खालिवन, सिलुवा, गा.वि.स भित्रका ३९ वटा सामुदायिक विद्यालयका पूर्व प्राथमिक (शिशुकक्षा) कक्षा संञ्चालित २८ वटा विद्यालय मध्ये लक्ष्मी नि.मा.वि.दर्छा-९, पाल्पा र रामपुर प्रा.वि. रामपुर-४, पाल्पा गरी २ वटा विद्यालय र गाँडाकोट श्रोत केन्द्रअन्र्तगत रहेका वाकामलाङ्ग, सहलकोट, गाँडाकोट गा.वि.स. भित्रका २६ वटा सामुदायिक विद्यालय मध्ये पूर्व प्रथमिक तहको कक्षा संचालित १३ वटा विद्यालय अन्तर्गत अंशुवर्मा मा.वि. सहलकोट-४, पाल्पा र लालि गुराँस प्रा.वि. वाकामलाङ्ग-७, पाल्पा गरी २ वटा विद्यालय गरी जम्मा ४ वटा विद्यालय संयोगमा आधारित गोलाप्रथाद्वारा छानिएका विद्यालयको कक्षाकोठा व्यवस्थापन सम्वन्धि तथ्य तथ्याङ्क सङ्कलन गर्न प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीलाई अध्ययनको जम्मा जनसंख्याको रूपमा लिईएको छ । (हेर्नुहोस परिशिष्ट :१) छनौट गरिएको विद्यालयबाट छानिएका नमूना विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका २ : नमूना छनौटका आधार**

| क.सं. | विवरण | जनसंख्या | नमूना छनौट | प्रतिशत | छनौटका आधार |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १. | विद्यालय | ४१ | ४ | १० | गोलाप्रथा |
| २. | प्र. अ. | ४१ | ४ | १० | उद्देश्यमूलक |
| ३. | सहयोगी कार्यकर्ता | ४१ | ४ | १० | उद्देश्यमूलक |
| ४. | विद्यार्थी | ७५९ | १६ | २.१० | गोलाप्रथा |
| ५. | अभिभावक | ७५७ | १६ | २.११ | उद्देश्यमूलक |

स्रोत :विद्यालय सर्वेक्षण फाराम २०६७

क) अध्ययन क्षेत्रका ४१ विद्यालय मध्ये ४ वटा अर्थात १० प्रतिशत विद्यालयलाई नमूना छनौट गरिएको छ ।

ख) अध्ययन क्षेत्रका ४१ वटा प्र.अ. हरू मध्ये ४ जना अर्थात १० प्रतिशतलाई नमूना छनौट गरिएको छ ।

ग) अध्ययन क्षेत्रका ४१ वटा पूर्व प्रा.वि.का सहयोगी कार्यकर्ता मध्ये ४ जना अर्थात १० प्रतिशतलाई नमूना छनौट गरिएको छ ।

घ) अध्ययन क्षेत्रका ४१ वटा विद्यालयका ७५९ जना विद्यार्थीहरूबाट १६ जना अर्थात २.१० प्रतिशतलाई नमूना छनौट गरिएको छ ।

ङ) अध्ययन क्षेत्रका ४१ वटा विद्यालयका ७५७ जना अभिभावकबाट १६ जना अर्थात २.११ प्रतिशतलाई नमूनामा छनौट गरिएको छ ।

## ३.३. तथ्याङ्क सङ्कलनका साधनहरू

प्रस्तुत अध्ययनमा उद्देश्यहरू प्रप्तीका लागि निम्नलिखित तथ्याङ्क सङ्कलनका साधनहरू प्रयोगमा ल्याइएको थियो :

### ३.३.१ सर्वेक्षण फारम

अध्ययनको क्रममा छनौट गरिएका पूर्व प्राथमिक विद्यालयको कक्षाकोठा व्यवस्थापनको अवस्था पहिचान गर्न विद्यालय सर्वेक्षण फारम तथा विद्यालयबाट विद्यार्थीको अभिलेख

विवरण सङ्कलन गर्न विद्यार्थी अभिलेख सर्वेक्षण फारम प्रयोग गरी शोधकर्ता स्वमको उपस्थितीमा तथ्याङ्कहरू सङ्कलन गरिएको थियो (हेर्नुहोस्, परिशिष्ट : २ र ३) ।

### ३.३.२ अवलोकन फाराम

अनुसन्धानको क्रममा तथ्य तथ्याङ्कहरू अधिकाँश प्राथमिक श्रोतहरूमार्फत सङ्कलन गरिएकोछ । शोधकर्ताले नमूना छनौट गरिएका पूर्वी पल्पाका ४ वटा विद्यालयका पूर्व प्राथमिक तहको कक्षाकोठा व्यवस्थापनका आधारमा विद्यार्थी सिकाइको तुलना गर्नका लागि अवलोकन फारम मार्फत विद्यार्थीको व्यवहारिक पक्षको मूल्याङ्कन गरिएको थियो  (हेर्नुहोस्, परिशिष्ट : ४) ।

### ३.३.३ अर्न्तवार्ता प्रश्नावली

शोधकार्य अनुसन्धानका क्रममा नमूना छनौट गरिएका ४ वटै विद्यालयका  नमूना छनौटमा परेका प्र.अ.,शिक्षक, अभिभावक तथा विद्यार्थीहरूबाट पूर्व प्राथमिक तहका कक्षाकोठा व्यवस्थापनको अवस्था र यसको प्रभाव, सिकाइ सामग्रीको अवस्था, व्यवस्थापनको समस्या, समस्या समाधानका उपायहरू तथा उपयुक्त व्यवस्थापन गर्नका लागि आवश्यक सामग्री विवरणहरू सङ्कलन गर्न अलग अलग अर्न्तवार्ता प्रश्नावलीका आधारमा स्वयम् शोधकर्ताको सङ्लग्नतामा तथ्याङ्कहरू सङ्कलन गरिएको थियो (हेर्नुहोस्, परिशिष्ट : ५, ६, ७ र ८) ।

## ३.४. तथ्याङ्क सङ्कलन तथा विश्लेषण प्रक्रिया

प्रस्तुत शोधकार्य पूर्णतया स्थालगत सर्वेक्षण गरी तयार गरिएकोछ । अध्ययनको उद्देश्य प्राप्तिका लागि तयार पारिएका अनुसन्धानात्मक साधनहरू लिइ शोधकर्ता स्वयम् नमूना छनौट विद्यालयमा गई तथ्याङ्क सङ्कलन गरिएकोछ । कक्षाकोठा व्यवस्थापनको आवश्यक

जानकारी प्राप्त गर्नका लागि शोध कर्ताको उपस्थितिमा विद्यालय प्र.अ., स.का., अभिभावक तथा विद्यार्थीहरूलाई तथ्याङ्क सङ्कलनका अन्तवार्ता प्रश्नावलीहरू, छलफल निर्देशिका मार्फत प्राथमिक तथ्याङ्क तथा जानकारी सङ्कलन गरिएको छ । शोधकर्तालाई आवश्यक विद्यार्थी सिकाइ प्रगती सम्बन्धी तथ्याङ्क विद्यालयको वार्षिक विद्यार्थी मूल्याँकन अभिलेख, हाजिरी रजिस्टरहरूबाट तथा सन्दर्भ सामग्रीहरूबाट प्राप्त गरिएको थियो ।

सङ्कलित तथ्याङ्कलाई उद्देश्य अनुसार वर्गिकरण गरी आवश्यक मात्रमा संख्यात्मकरूपमा तालिकिकरण औषत प्रतिशत गणनाका आधारमा कक्षाकोठाको अवस्था बिश्लेषण सहित थप प्रभावकारी आर्कषक बालसुलभ र उपलब्धिमूलक हुने गरी व्यवस्थापन गर्ने तौर तरिका तथा उपायलाई व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

अध्ययन कार्यमा पूर्वी पाल्पाको गांडाकोट र रामपुर स्रोतकेन्द्र अन्तर्गत बाकामलाङ, सहलकोट, गांडाकोट, दर्छा, रामपुर, सिलुवा र खालीवन गरी ७ वटा गा.वि.स भित्र रहेका ४ वटा विद्यालयलाई समावेश गरी पूर्व प्रथमिक तहको कक्षाको तथ्याङ्क सङ्कलन, अन्तरवार्ता प्रश्नावली र अभिलेखबाट प्राप्त जानकारी र सूचनाहरूलाई उद्देश्यको क्रमअनुसार निम्नानुसारको शीर्षकहरूमा विभाजन गरी व्याख्या विश्लेषण तथा प्रस्तुतिकरण गरिएको छ :

४.१. कक्षाकोठा व्यवस्थापनको वर्तमान अवस्था

४.२. कक्षाकोठा व्यवस्थापन र सजावटको आधारमा बिद्यार्थीको सिकाइ तुलना

४.३. कक्षाकोठा व्यवस्थापनमा देखापरेका समस्याहरू

४.४. कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या समाधानका लागि उपयुक्त उपायहरू

### ४.१.कक्षाकोठा व्यवस्थापनको बर्तमान अवस्था

रामपुर र गाँडाकोट स्रोतकेन्द्र भित्रका ६५ वटा सामुदायिक विद्यालय अन्तर्गत पूर्व प्राथमिक कक्षा संचालित रामपुर स्रोतकेन्द्रका २८ र गाँडाकोट स्रोतकेन्द्रका १३ गरी जम्मा ४१ वटा विद्यालय मध्ये नमूनामा छानिएका ४ वटा विद्यालय लक्ष्मी नि.मा.वि., रामपुर प्रा.वि., अंशुवर्मा मा.वि., र लाली गुराँस प्रा.वि.को स्थलगत सर्वेक्षण तथा अध्ययन अवलोकनबाट उपलब्ध विवरणको आधारमा प्राप्त गरिएको प्राथमिक तहको कक्षाकोठा व्यवस्थापनको वर्तमान अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### ४.१.१. भौतिक व्यवस्थापनको अवस्था

परिशिष्ट २ अनुसारको विद्यालय सर्वेक्षण फारमका आधारमा प्राप्त विद्यालयको विद्यार्थी तथा भौतिक व्यवस्थापनको वर्तमान अवस्थालाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

**तालिका ३ : भौतिक व्यवस्थापनको अवस्था २०६७**

| विद्यालय | विद्यार्थी संख्या | झ्याल ढोका | बाल सुलभ | ब्ल्याक बोर्डको उचाई | बसाइ | कक्षामा सरसफाई र खानेपानी | कोठाको क्षेत्रफल | हावा प्रकाशको अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| लक्ष्मी नि.मा.वि. | २० | ३, १ | छ | १ मि. अग्लो चारैतिर | भुई | सुविधा छ | ६×५ मि.(१.५ व.मि.) | आउने |
| रामपुर प्रा.वि. | २४ | २, १ | छैन | २.५ मि. चारैतिर | भुई | छैन | ५ × ४ मि. (०.८३ व.मि.) | आउने |
| अंशुवर्मा मा.वि. | १८ | ४, १ | छ | १ मि. चारैतिर | भुई | छ | ६ × ५ मि. (१.६६ व.मि.) | आउने |
| लालीगुराँस प्रा.वि. | १२ | ४, १ | छ | १ मि. चारैतिर | भुई | छैन | ६ × ५ मि. (२.५ व.मि.) | आउने |

कोष्ठकको अंकले प्रति विद्यार्थी क्षेत्रफल जनाउँदछ। स्रोत विद्यालय सर्वेक्षण फारम २०६७

माथि उल्लेखित तालिका अनुसार भौतिक व्यवस्थापनको वर्तमान अवस्था हेर्दा रामपुर प्रा.वि. र लाली गुरास प्रा.वि. को बालसुलभ नभएको लक्ष्मी नि.मा.वि. र अंशुवर्मा मा.वि. को सबै भौतिक पक्षहरूमा सवल रहेको देखियो।

### ४.१.२ कक्षाकोठामा शैक्षिक सामग्रीको अवस्था

परिशिष्ट २ अनुसार प्राप्त बालविकास केन्द्रको न्युन्तम राष्ट्रिय मापदण्ड अनुसार लक्ष्मी नि.मा.वि. र अंशुवर्मा मा.वि.को न्यूनतम रूपमा हुनु पर्ने शैक्षिक सामग्री संख्या मध्ये क्रमश ७१ र ७० प्रतिशत भएको र रामपुर प्रा.वि. र लाली गुराँस प्रा.वि. को क्रमश ३५ र ६२ प्रतिशत रहेकोले शैक्षिक सामग्री उपलब्धताका आधारमा कक्षाकोठाको व्यवस्थापनको अवस्था रामपुर र लाली गुराँसको तुलनामा लक्ष्मी र अंशुवर्माको राम्रो देखिएको छ (हेर्नुहोस्, परिशिष्ट : ९)।

### ४.१.३ कक्षाकोठाको अवस्था

परिशिष्ट २ अनुसार प्राप्त तथ्याङ्कका आधारमा पूर्व प्राथमिक तहको कक्षाकोठाको अवस्था, सामग्री व्यवस्थापन, कक्षाकोठामा दैनिक गराइराख्ने क्रियाकलापहरू अनुसार व्यवस्थापन सम्बन्धी विषयगत घटनाहरूको विवरणका आधारमा तुलना गर्दा लक्ष्मी र अंशुवर्माको अवस्था रामपुर र लालीगुरांसको भन्दा सवै विषयगत घटनाहरूमा न्यूनतम राष्ट्रिय मापदण्ड अनुसार राम्रो रहेको देखिन्छ (हेर्नुहोस्, परिशिष्ट : १२) ।

## ४.२ कक्षाकोठा व्यवस्थापनको आधारमा पूर्व प्राथमिक तहको विद्यार्थीको सिकाइ तुलना

अध्ययनका आधारमा प्राप्त तथ्याङ्क अनुसार पूर्व प्राथमिक तहको कक्षाकोठा व्यवस्थापन तुलनात्मक रूपले राम्रो देखिएका विद्यालय र सामान्य देखिएका विद्यालयका विद्यार्थी सिकाइको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ सिकाइ प्रगति विवरण

परिशिष्ट ३ का आधारमा विद्यालयको अभिलेखबाट प्राप्त विवरण अनुसार पूर्व प्राथमिक तहको औसत सिकाइ प्रगति विवरण निम्नानुसार रहेको छ :

**तालिका ४ :औसत सिकाइ प्रगति विवरण २०६७**

| क्र. सं. | विद्यालयको नाम | औसत हाजिरी प्रतिशत | औषत सिकाइ प्रगति प्रतिशत | जि.शि.का.पाल्पाका अनुसार ग्रेड विभाजन |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | लक्ष्मी नि.मा.बि दर्छा पाल्पा | ८५ | ८७.२५ | क |
| २ | रामपुर प्रा.बि. रामपुर -४ पाल्पा | ६७ | ६६.७५ | ख |
| ३ | अंशुवर्मा मा.बि. सहलकोट पाल्पा | ८२ | ८२ | क |
| ४ | लाली गुंरास प्रा. बि. बाकामलाङ्ग | ७३ | ५९ | ख |

स्रोत :स्थलगत सर्वेक्षण फारम २०६७ तथा जि.शि.का. पाल्पाको मूल्याङ्कन प्रतिवेदन

माथिको तालिका अनुसार लक्ष्मी र अंशुवर्मा को औसत हाजिरी ८० प्रतिशत भन्दा बढी रहेको र  रामपुर र लालीगुराँस को सो भन्दा कम रहेको देखिन्छ । भने विद्यालयगत औसत सिकाइ पनि लक्ष्मी र अंशुवर्मा को क श्रेणी वा ७० प्रतिशत भन्दा बढी र रामपुर र लालीगुराँस को ख श्रेणी वा ७० प्रतिशत भन्दा कम रहेको सम्बन्धित विद्यालयको अभिलेखबाट प्राप्त विवरणका आधारमा देखिन्छ (हेर्नुहोस्, परिशिष्ट : १०) ।

### ४.२.२ विद्यार्थीको व्यक्तित्व, क्रियाकलाप आचरण अभिलेख विवरण

अध्ययन केन्द्रका पूर्व प्राथमिक तहका विद्यार्थीहरूको विद्यालय विद्यार्थी अभिलेख निरन्तर मूल्यांकन प्रकृया वा सञ्चित अभिलेखका आधारमा परिशिष्ट ४ अनुसार प्राप्त विद्यार्थीको व्यक्तित्व, क्रियाकलाप र आचरण सम्बन्धी औसत बिबरण २०६७ का अनुसार उच्च मध्यम र न्यून श्रेणी अंकनका आधारमा लक्ष्मी र अंशुवर्माको क्रमश ७० र ६० प्रतिशत विद्यार्थीहरूको सबै विषयगत घटनाहरूमा उच्च श्रेणीमा रहेको र रामपुर र लाली गुराँसको क्रमश ४५ र ४५ प्रतिशत विद्यार्थीको मात्र उच्च श्रेणीमा रहेको देखियो (हेर्नुहोस्, परिशिष्ट : ११) ।

### ४.२.३ कक्षाकोठामा सिकाइ वातावरणको अवस्था

परिशिष्ट २ अनुसार प्राप्त पूर्व प्राथमिक तहको कक्षाको सिकाइ वातावरणमा १० विषयगत घटनामा तुलना गर्दा लक्ष्मी नि.मा.वि.को ९ उच्च १ मध्यम अंशुवर्माको ७ उच्च ३ मध्यम तथा रामपुरको ३ उच्च ५ मध्यम ३ न्युन तथा लालीगुराँसको ९ मध्यम १ न्युन देखिएकोले सिकाइ वातावरणको अवस्था तुलना गर्दा लक्ष्मी र अंशुवर्माको राम्रो रहेको देखिन्छ (हेर्नुहोस्, परिशिष्ट : १३) ।

शैक्षिक सामग्री सिकाइ वातावरण भौतिक अवस्था तुलनात्मक रूपले राम्रो रहेको विद्यालयको विद्यार्थी सिकाइको अवस्था पनि राम्रो रहेको देखिएकोले कक्षाकोठा व्यवस्थापनले विद्यार्थी सिकाइमा सकारात्मक प्रभाव पारेको पाइन्छ ।

## ४.३ कक्षाकोठा व्यवस्थापनमा देखापरेका समस्याहरू

पूर्व प्राथमिक तहको कक्षाकोठालाई बाल रुचीपूर्ण तवरले आकर्षक सजिसजावट गरी कक्षाकोठा व्यवस्थापन गर्नका लागि देखा परेका समस्याहरू सम्वन्धमा परिशिष्ट ५, ६, ७ र ८ को अन्तवार्ता प्रश्नावलीका आधारमा प्र. अ., शिक्षक, अभिभावक तथा विद्यार्थीबाट प्राप्त तथ्यगत कुराहरूलाई  निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.३.१ व्यवस्थित कक्षाकोठा नहुनु

पूर्व प्राथमिक उमेर समूहका बालबालिकाहरूको उमेर र रुचीलाई मध्यनजर गरी मनोवैज्ञानिक र आकर्षक बालसुलभ,व्यवस्थित कक्षाकोठाको व्यवस्था नहुंदा कक्षाकोठा व्यवस्थापनमा ठूलो समस्या परेको कुरा ७५ प्रतिशत शिक्षक, ५० प्रतिशत प्र.अ. ले बताए ।

### ४.३.२ आर्थिक समस्या

विद्यालयमा दरिलो आर्थिक समस्याका कारण भौतिक तथा सिकाइका सामग्री व्यवस्था गर्न सकिएको छैन भनेर ७५ प्रतिशत प्र.अ. र ५० प्रतिशत शिक्षकले बताए ।

### ४.३.३ अभिावकमा चेतनाको कमी

अभिभावकहरूमा चेतनाको कमीले विद्याथी भर्ना नियमितिकरण र पूर्व प्राथमिक कक्षाको सिकाइ प्रकृयामा अप्ठेरो भएको समस्या ५० प्रतिशत प्र.अ.७५ प्रतिशत शिक्षक र १०० प्रतिशत स्रोत व्यक्तिले देखाए ।

### ४.३.४ आकर्षक रंगरोगन नहुनु

कक्षाकोठामा आकर्षक रंगरोगन नहुनु मुख्य समस्या भएको ६८ प्रतिशत विद्यार्थीले ५० प्रतिशत शिक्षकले ५० प्रतिशत प्र.अ.ले र ५० प्रतिशत स्रोत व्यक्तिले बताए ।

### ४.३.५ नियमित अनुगमन र सुझाव नहुनु

संचालक समितिले सक्रियता र व्यवस्थापन प्रति नियमित अनुगमन, सुझाव र व्यवस्था मिलाईदिन नसक्नु व्यवस्थापनको समस्या रहेको कुरा ६८ प्रतिशत अभिभावक, ५० प्रतिशत शिक्षक र ५० प्रतिशत प्र. अ. ले बताए ।

### ४.३.६ निर्धारित विषयवस्तुको समस्या

वालपेन्टिडका लागि निर्धारित विषयवस्तुको सर्वसुलभ व्यवस्था नहुनु समस्याका रूपमा रहेको कुरा ७५ प्रतिशत प्र.अ., ५० प्रतिशत शिक्षक, ५० प्रतिशत अभिभावकले र ५० प्रतिशत स्रोत व्यक्तिले बताए ।

### ४.३.७ दक्ष जनशक्ति सर्वसुलभ नहुनु

चित्र चार्ट भित्तेलेखनका लागि दक्ष जनशक्ति सर्वसुलभ नहुनु भन्नेकुरा ७५ प्रतिशत प्र.अ., ६८ प्रतिशत अभिभावक र ५० प्रतिशत शिक्षकले बताए ।

### ४.३.८ विषयवस्तु छनौट तालिमको अभाव

पूर्व प्राथमिक तहको कक्षाकोठामा सजावट पेन्टिङ गर्नुपर्ने मुख्य सिकाइ सामग्री र विषयवस्तु छनौट गरी व्यवस्थापन गर्न तालिमको अभाब भएको तथा कक्षाकोठामा उपलब्ध र स्थानीय सिकाइ सामग्रीहरूको उचित व्यवस्थापन गरी बालमैत्री र मनोवैज्ञानिक सिकाइ गर्न शिक्षक (सहयोगी कार्यकर्ता) लाई तालिमको कमी हुनु समस्या भएको कुरा ७५ प्रतिशत प्र.अ., ६८ प्रतिशत अभिभावक, ५० प्रतिशत शिक्षक र ५० प्रतिशत स्रोत व्यक्तिले बताए ।

### ४.३.९ सामाग्री सौजन्य नहुनु

स्थानीय सिकाइ सामग्री निर्माण र सङ्कलन गरी विद्यालयमा सौजन्य गर्न सबैअभिभावकहरूले पूर्ण सक्रियता नदेआउनु एक समस्या भएको कुरा ५० प्रतिशत प्र.अ., ५० प्रतिशत शिक्षकले वताए ।

### ४.३.१० सामूहिक अन्तरक्रिया नहुनु

कक्षाकोठा व्यवस्थापनबारे शिक्षक, अभिभावक, संचालक समिती, विद्यार्थी तथा अन्य सरकोर पक्ष बीच सामूहिक अन्तरक्रिया नहुनु भन्ने कुरा ६५ प्रतिशत अभिभावक, ७५ प्रतिशत प्र.अ.र ५० प्रतिशत शिक्षकले बताए ।

### ४.३.११ उपयोगितालाई भन्दा सुरक्षालाई ध्यान दिनु

विद्यालयमा भएका सिकाइ सामग्रीहरू उपयोग र प्रयोग भन्दा सुरक्षालाई शिक्षकले बढी ध्यान दिनु भन्ने कुरा ६८ प्रतिशत अभिभावक, ५० प्रतिशत प्र. अ. र ५० प्रतिशत स्रोत व्यक्तिले बताए ।

### ४.३.१२ व्यवस्थापन प्रति शैक्षिक सरोकार पक्षको कम चासो हुनु

नेपाल सरकार तथा शैक्षिक सरोकारपक्षले पूर्व प्राथमिक तहको कक्षाकोठा व्यवस्थापनका सिकाइ सामग्री र विषयवस्तु उपलब्ध गराउन र व्यवस्थापन गर्न सक्रिय सहभागिता नदेखाउनु पनि समस्याका रूपमा रहेको कुरा ७५ प्रतिशत शिक्षक, ५० प्रतिशत प्र.अ., र ५० प्रतिशत अभिभावकले बताए ।

## ४.४ कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या समाधानका लागि उपयुक्त उपायहरू

परिशिष्ट ५, ६, ७ र ८ को अन्तवार्ता प्रश्नावलीका आधारमा प्र. अ., सहयोगी कार्यकर्ता, शिक्षक, अभिभावक तथा विद्यार्थीहरूबाट प्राप्त कक्षाकोठा व्यवस्थापन गर्ने उपयुक्त उपायहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.४.१ उपर्युक्त बसाइ व्यवस्थापन

अन्तवार्ता प्रश्नावलीका आधारमा प्राप्त विवरण अनुसार पूर्व प्राथमिक तहमा बसाइ व्यवस्थापनको लागि भुई कार्पेटिङ वा सुकुल गुन्द्र बसाइ व्यवस्था अवलम्वन गर्नुपर्ने पक्षमा सबै (१०० प्रतिशत) प्र.अ., १०० प्रतिशत शिक्षक, ८७.५ प्रतिशत अभिभावक र ६९ प्रतिशत विद्यार्थीहरूले जोड दिएको पाइन्छ ।

### ४.४.२ सामग्री रखाइ व्यवस्थापन

परिशिष्ट ५, ६, ७ र ८ को अन्तवार्ता प्रश्नावलीका आधारमा प्राप्त विवरण अनुसार उपयुक्त सामग्री रखाइ व्यवसपनका लागि होंचो बेञ्चमा चारैतिर राखी कक्षा कोठामा सामग्री व्यवस्थापन गर्नुपर्ने पक्षमा ५० प्रतिशत प्र.अ.,७५ प्रतिशत शिक्षक, ६२.५ प्रतिशत अभिभावक र ६२.५ प्रतिशत विद्यार्थी सहमत रहेको देखिन्छ ।

### ४.४.३ चित्र, चार्ट रखाइ व्यवस्थापन

अन्तवार्ता प्रश्नावलीका आधारमा प्राप्त विवरण अनुसार पूर्व प्राथमिक तहमा उपयुक्त चित्र चार्ट रखाइ व्यवस्थापनका लागि भित्तेलेखन (वालपेन्टिङ) गर्नुपर्ने पक्षमा ७५ प्रतिशत प्र.अ.,७५ प्रतिशत शिक्षक, र ५६.५ प्रतिशत विद्यार्थीहरूको सहमती रहेको देखिन्छ ।

### ४.४.४ कालोपाटीको व्यवस्थापन

अन्तवार्ता प्रश्नावली अनुसार प्राप्त विवरणका आधारमा पूर्व प्राथमिक तहको कक्षाकोठामा ब्लाकवोर्ड (कालोपाटी) कक्षाकोठाको चारैतिर होंचो बाल पहुँच हुने गरी राख्नु पर्ने पक्षमा १०० प्रतिशत शिक्षक, ७५ प्रतिशत प्र.अ, ६२.५ प्रतिशत अभिभावक तथा ६९ प्रतिशत विद्यार्थी रहेको देखिन्छ ।

### ४.४.५. पूर्व प्राथमिक तहमा शिक्षण व्यवस्था

परिशिष्ट ५, ६, ७ र ८ को अन्तवार्ता प्रश्नावलीको आधारमा प्राप्त विवरण अनुसार पूर्व प्राथमिक तहमा गरिनु पर्ने उपयुक्त शिक्षण व्यवस्थाको लागि कक्षा शिक्षण वा एक जना सहजकर्ता शिक्षकले पुरै नीतिगत व्यवस्थाको समयावधि भरी (महिना र वर्ष भरी) शिक्षण सिकाइ गर्नु पर्ने पक्षमा १०० प्रतिशत विद्यार्थी, ९३.५ प्रतिशत अविभावक, ७५ प्रतिशत प्र.अ. र ७५ प्रतिशत शिक्षकहरूको सहमति रहेको देखिन्छ । यसबाट पूर्व प्राथमिक तहको कक्षामा कक्षा शिक्षण व्यवस्था अपनाउनुपर्ने स्पष्ट हुन्छ ।

### ४.४.६ पूर्व प्राथमिक तहमा सिकाइ पद्दती

अन्तवार्ता प्रश्नावलीका आधारमा प्राप्त विवरण अनुसार पूर्व प्राथमिक तहमा ज्ञानेन्द्रियको प्रयोगको अभ्यास द्वारा सिकाइने सिकाइ पद्दती अपनाउनु पर्ने पक्षमा ७५ प्रतिशत शिक्षक, ५० प्रतिशत प्र.अ., ५० प्रतिशत अभिभावक तथा ५० प्रतिशत विद्यार्थीको सहमती रहेको देखिन्छ ।

### ४.४.७ पूर्व प्राथमिक तहको कक्षाकोठामा विषयवस्तु व्यवस्थापन प्रकृया

परिशिष्ट ५, ६, ७ र ८ को अन्तवार्ता प्रश्नावलीको आधारमा प्राप्त विवरण अनुसार पूर्व प्राथमिक तहको कक्षाकोठामा शैक्षिक सामग्री तथा विषयवस्तुलाई  उपयुक्त व्यवस्थापन गर्नेका लागि आकर्षक र बालसुलभ सजावट गरिनु पर्दछ भन्ने पक्षमा ९३.५ प्रतिशत अभिभावक, ९३.५ प्रतिशत विद्यार्थी, ७५ प्रतिशत प्र.अ., ७५ प्रतिशत शिक्षकको सहमति रहेको पाइन्छ । यसबाट स्पष्ट हुन्छ की पूर्व प्राथमिक तहमा सिकाइ सामाग्री र विषयवस्तुहरूलाई आकर्षक र बालसुलभ तवरले व्यवस्थापन गरिनु पर्दछ ।

### ४.४.८ कक्षाकोठा व्यवस्थापनमा व्यवस्था गर्नु पर्ने न्युनतम सिकाइ सामग्री र विषयवस्तुहरू

पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापनका लागि परिशिष्ट ५, ६, ७ र ८ को अन्तवार्ता प्रश्नावलीको आधारमा प्रधानाध्यापक, सहजकर्ता शिक्षक, अभिभावक र विद्यार्थीहरूबाट प्राप्त जानकारी अनुसार पूर्व प्राथमिक तहको कक्षाकोठा व्यवस्थापनमा व्यवस्था गर्नु पर्ने न्युनतम सिकाइ सामग्रीहरूको नाम र विषयवस्तुहरूको विवरणलाई समग्ररूपमा परिशिष्ट १४ मा सूचीकृत गरी प्रस्तुत गरिएको छ (हेर्नुहोस्, परिशिष्ट : १४) ।

परिशिष्ट १४ अनुसार प्राप्त विवरणका आधारमा पूर्व प्राथमिक तहको कक्षाकोठामा व्यवस्था गर्नु पर्ने सिकाइ सामग्री तथा विषयवस्तु सम्बन्धमा अन्तवार्ता प्रश्नावली मार्फत प्रधानाध्यापक, शिक्षक सहयोगी कार्यकर्ता, अभिभावक, तथा विद्यार्थीबाट प्राप्त जानकारीका आधारमा उपयुक्त शैक्षिक सामग्री तथा सिकाइका विषयवस्तुहरू कक्षाकोठामा व्यवस्था गरीएमा पूर्व प्राथमिक तहको कक्षाकोठा आकर्षक र कक्षाकोठा बाल सिकाइ थलोको रूपमा स्थापित भई विद्यार्थी सिकाइमा सहजता प्रभावकारिता आउने पक्षमा प्रायस सबै प्र.अ., शिक्षक, अभिभावक तथा विद्यार्थीहरू रहेको पाइन्छ ।

पूर्व प्राथमिक तहको कक्षाकोठा मन्टेश्वरी तथा फ्रोवेलको सैद्धान्तिक अवधारणा अनुसार मन्टेश्वरी सामग्री तथा स्थानीय सङ्कलित सिकाइ सामग्रीहरू आकर्षक तवरले व्यवस्थापन र सजावट गर्नु उपयुक्त हुन आउछ । यस उमेर समूहका वालबालिकाहरू स्वाभाविक जिज्ञासु

हुने हुँदा स्वतन्त्र, प्रयोगात्मक खेलहरू, स्वअनुभवका लागि प्रयोगात्मक र शारीरिक अभ्यास गर्न इन्द्रियहरूको प्रयोगबाट अभ्यस्त गराइ बालमित्रवत वालमनोवैज्ञानिक, वाल रुची र चाहनाका आधारमा पारिवारिक वातावरणमा खेल्दै सिक्दै गर्ने गरी सिकाइएको सीप दिगो चिरस्थायी र प्रभावकारी भइ बालबालिकाको चौतर्फी विकास गर्न सहयोग पुग्दछ ।

# परिच्छेद : पाँच

# प्राप्ति निष्कर्ष र सुझावहरू

यस अध्ययनमा निर्धारित उद्देश्यहरू प्राप्त गर्नका लागि गरिएिका व्याख्या तथा विश्लेषणका आधारमा प्राप्ति, निष्कर्ष र सुझावहरूलाई यस परिच्छेदमा निम्नानुसार उल्लेख गरिएको छ :

## ५.१ प्राप्ति

पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापन शीर्षकको शोधकार्यको तथ्याङ्कको व्याख्या र विष्लेषणबाट प्राप्त जानकारीका आधारमा प्राप्तिहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

यस अध्ययन क्षेत्रका आधारमा पूर्वी क्षेत्रमा ६३ प्रतिशत सामुदायिक विद्यालयहरूले पूर्व प्राथमिक कक्षा सञ्चालन गरेको छ । छानिएका ४ पूर्व प्राथमिक विद्यालयका जम्मा ७४ विद्यार्थी रहेको पाइयो ।

अध्ययन क्षेत्रका छानिएका विद्यालयहरूको पूर्व प्राथमिक तहको कक्षाकोठाको वर्तमान अवस्थामा लक्ष्मी नि.मा.वि. दर्छा र अंशुवर्मा मा.वि. सहलकोटको कक्षाकोठामा उपलब्ध सिकाइ सामग्रीको अवस्था भौतिक व्यवस्थापनको अवस्था रामपुर प्रा.वि.रामपुर लालीगुराँस प्रा.वि. बाकमलाङको तुलनामा राम्रो अवस्थामा रहेको देखियो । अर्थात लक्ष्मी र अंशुवर्मामा सिकाइ सामग्री पूर्व प्राथमिक तहमा हुनुपर्ने राष्ट्रिय न्युनतम मापदण्ड अनुसार हुनुपर्ने शैक्षिक सामग्रीको ७० प्रतिशत भन्दा बढी संख्यामा रहेको पाइन्छ ।

कक्षाकोठाको अवस्था सामाग्री व्यवस्थापनको अवस्था दैनिक गराइराख्ने क्रियाकलाप, पूर्व प्राथमिक तहको सिकाइ वातावरणको अवस्था विश्लेषणबाट लक्ष्मी प्रा.वि. दर्छा ९ पाल्पा र अंशुवर्मा मा.वि सहलकोट ४ पाल्पाको कक्षाकोठा व्यवस्थापनको अवस्था तुलनात्मक रूपले

राम्रो भएको र रामपुर प्रा.वि. रामपुर ४ पाल्पा र लाली गुराँस प्रा.वि. बाकामलाङ ७ पाल्पाको कक्षाकोठा व्यवस्थापनको अवस्था सामान्य भएको पाइयो ।

पूर्व प्राथमिक तहको विद्यालयबाट प्राप्त औषत सिकाइ प्रगति विवरण कक्षाकोठा व्यवस्थापन राम्रो देखिएको दुइवटा विद्यालयको ८७.२५ प्रतिशत र ८६ प्रतिशत रहेको छ भने कक्षाकोठा व्यवस्थापन सामान्य देखिएको विद्यालयको ६६.७५ प्रतिशत र ५९ प्रतिशत रहेको पाइयो । (जसमा निरन्तर मूल्यांकन प्रकृया नेपाल सरकार शिक्षामन्त्रालय शिक्षा विभाग अनुसार ७० प्रतिशत भन्दा माथि सिकाइ प्रगति भएकोलाई राम्रो र सो भन्दा कम भएकोलाई सामान्य मानिन्छ) । साथै औसत विद्यार्थी हाजिरी समेत कक्षाकोठा व्यवस्थापन राम्रो देखिने विद्यालयहरूको नै बढी रहेको देखिन्छ जसबाट आकर्षक र सजावटयुक्त कक्षाकोठा भएको विद्यालयमा विद्यार्थीहरूको उपस्थिति बढी रहेको पाइयो ।

विद्यार्थीको व्यक्तित्व कृयाकलाप आचरण सम्बन्धी अभिलेख मूल्यांकन अन्तर्गत सबै विषयगत घटनाहरूको गणितीय मापन हेर्दा लक्ष्मी र अंशुवर्मा को क्रमश ७० र ६० प्रतिशत विद्यार्थीको उच्च तथा रामपुर र लालीगुराँसको सो भन्दा कम ४५, ४५ प्रतिशत विद्यार्थीको उच्च श्रेणी रहेको देखियो । यसबाट कक्षा व्यवस्थापनको अवस्था न्युनतम राष्ट्रिय मापदण्ड अनुसार तुलनात्मक रूपमा राम्रो देखिएको विद्यालयको विद्यार्थी प्रगती विवरण पनि राम्रो रहेको देखियो ।

व्यवस्थित कक्षाकोठा नहुनु, आर्थिक समस्या, अभिभावकमा चेतनाको कमी, आर्कषक रंग रोगन नहुनु, अनुगमन सुझावको कमी, दक्ष जनशक्ति र विषयवस्तु सर्वसुलभ नहुनु, तालिमको अभाव, सामाग्री सौजन्यताको अभाव, सामूहिक अन्तरक्रिया नहुनु, उपयोगिता भन्दा सुरक्षालाई ध्यान दिनु, शैक्षिक सरोकार पक्षले कक्षा कोठा व्यवस्थापन प्रति कम चासो देखाउनु, जस्ता समस्याका कारण पूर्व प्राथमिक तहमा कक्षाकोठाको उपयुक्त व्यवस्थापन नभई सिकाइ गुणस्तरीय र उपलब्धिमूलक हुन नसकेको पाइयो ।

पूर्व प्राथमिक तहमा कक्षकोठा व्यवस्थापनका उपयुक्त उपायहरूमा प्र.अ., शिक्षक, अभिभावक विद्यार्थीको प्रतिक्रियाको आधारमा कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरूको समाधानका लागि  निम्नानुसारका उपायहरू अपनाउनु पर्ने  देखियो ।

कक्षाकोठामा उपयुक्त बसाई व्यवस्थापनका लागि भूइ कार्पेटिङ वा सुकुल गुन्द्री बसाई व्यवस्था अवलम्बन गर्नु पर्ने । कक्षाकोठामा चित्र चार्ट तथा सिकाइका विषयवस्तुलाई उपयुक्त व्यवस्थापन गर्नका लागि भित्तामा आकर्षक तवरले वालपेन्टिङ (भित्तेलेखन) गर्नु पर्ने । कक्षाकोठामा कालोपाटीको उपयुक्त व्यवस्थापन गर्नको लागि होचो भूइदेखि १ मि. सम्म अग्लो चारैतिर व्लाकवोर्ड राख्नु पर्ने ।

पूर्व प्राथमिक तहमा उपयुक्त शिक्षण व्यवस्थाका लागि कक्षा शिक्षण व्यवस्था अपनाउनु पर्दछ । यस तहमा बालकालिकाहरूलाई उपयुक्त सिकाइ पद्धतीका लागि ज्ञानेन्द्रियहरूको प्रयोगको अभ्यासबाट गर्ने सिकाइ पद्दती अपनाउनु पर्दछ ।

यस तहको कक्षाकोठामा उपयुक्त रूपले विषयवस्तुहरू व्यवस्थापन गर्नका लागि आकर्षक र बालसुलभ सजावट गराई व्यवस्थापन गर्नुपर्दछ भन्ने पक्षमा प्र.अ., शिक्षक, अभिभावक तथा विद्यार्थीले जोड दिएको पाइयो ।

पूर्व प्राथमिक तहमा सिकाइलाई रुचीप्रद बनाउन शैक्षिक उपलब्धी अभिवृद्धि गर्न बालबालिकाहरूको सहभागिता र सक्रियता बढाइ सिकाइ गुणस्तर बढाउनका लागि कक्षा कोठाको वातावरण पढुपढु र सिकु सिकु लाग्ने खालको बाल मनोरञ्जनात्मक आकर्षक र बालसुलभ भैतिक र शैक्षिक वातावरण हुनुपर्ने देखिन्छ । कक्षाकोठालाई उपयुक्त र प्रभावकारी तवरले व्यवस्थापन गर्न परिशिष्ट १४ मा उल्लेखित विषयवस्तु र शैक्षिक सामग्रीहरूलाई उपयुक्त र दक्ष व्यवस्थापन गर्ने मानवीय सीप प्रयोग गरी व्यवस्थापन गर्नु पर्दछ भन्ने कुरामा प्रयास सबै प्रधानाध्यापक, सहजकर्ता शिक्षक, विद्यार्थी तथा अभिभावकहरूले प्रतिक्रिया दिएको पाइयो ।

## ५.२ निष्कर्ष

यस शोध अध्ययनको प्राप्तिको आधारमा निस्किएका निष्कर्षहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

यस अध्ययनबाट गाँडाकोट र रामपुर स्रोतकेन्द्र भित्र सञ्चालित चारवटा विद्यालयका पूर्व प्राथमिक तहको कक्षाकोठा व्यवस्थापनमा गहन सर्वेक्षण गर्दा धेरै समस्या तथा कमजोर पक्षहरू रहेको देखिएका छन् । पूर्व प्राथमिक तहका बालबालिका स्वभावत जिज्ञासु र उत्सुक हुन्छन तर पनि पूर्व प्राथमिक तहको कक्षाकोठाको उपयुक्त व्यवस्थापन राष्ट्रिय मापदण्ड अनुसार नहुँदा, सिकाइ सामग्रीको व्यवस्था नहुँदा सिकाइ अपेक्षा गरे अनुसार फलदायी हुन सकेको छैन ।

यस उमेर समूहका बालबालिकाहरू पढने कक्षाकोठामा प्रयाप्त शैक्षिक सामग्री र विषयवस्तुहरूलाई आकर्षक मनोरञ्जनात्मक ढंगले सजावट गरी व्यवस्थापन गरिएको कक्षामा बालबालिकाहरूको सिकाइ उपलब्धि र बाल सहभागिता उच्च रहेको छ । त्यसकारण पुर्वी पाल्पाको रामपुर र गाँडाकोट स्रोतकेन्द्र अन्तर्गत मन्टेश्वरीका सैद्धान्तिक अवधारणाका तथा फ्रोबेलको सैद्धान्तिक अवधारणाका आधारमा कक्षाकोठा व्यवस्थापन जहाँ सिकाइ प्रकृया र बिधि कक्षा भित्र र बाहिरको शैक्षिक वातावरण कक्षाकोठाको भौतिक व्यवस्थापन कक्षाकोठाको बसाइ व्यवस्थापन, सिकाइ सामग्री र विषयवस्तुको व्यवस्था र उचित व्यवस्थापन खेल तथा इन्द्रियहरूको अभ्यासद्वारा अनुभव गरेर सिक्ने, बालबालिकाले स्वतन्त्र र मनोवैज्ञानिक मनोरञ्जनात्मक ढंगले सिकाइ गर्ने वातावरण भएको कक्षाकोठाको सिकाइले सिकाइ उपलब्धी र गुणस्तर अभिवृद्धिमा प्रभावकारिता ल्याएको छ ।

पूर्व प्राथमिक तहमा कक्षा व्यवस्थापनको अवस्था पूर्व प्राथमिक तहको राष्ट्रिय न्युनतम मापदण्ड अनुसार कमजोर देखिएको विद्यालयको भन्दा कक्षा व्यवस्थापनको अवस्था मापदण्ड अनुसार सवल (राम्रो) देखिएको विद्यालयको कक्षाकोठाको सिकाइ वातावरण, विद्यार्थी सिकाइ प्रगति विवरण, विद्यार्थी औसत हाजिरी, विद्यार्थी अभिलेख विवरण उच्च गणितीय मानमा रहेको छ । विद्यालयमा सिकाइ सामग्री व्यवस्थाका लागि व्यवस्थित कक्षाकोठा नहुनु, आर्थिक पक्ष कमजोर हुनु, चेतनाको कमी, तालिमको अभाव, दक्ष

जनशक्ति तथा सामूहिक अन्तरक्रिया नहुनु जस्ता समस्याले गर्दा कक्षाकोठा व्यवस्थापन गर्न गाह्रो भएको छ ।

कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या समाधान गर्नका लागि भूइ कार्पेटिङ वा सुकुलगुन्द्री बसाइ व्यवस्था गर्ने, होचो बेञ्चमा कक्षाकोठामा चारैतिर सिकाइ सामग्री राख्ने, चित्र चार्टहरूलाई आकर्षक तवरले भित्तेलेखन गर्ने, होचो चारैचिर कालोपाटी राख्ने, कक्षा शिक्षण व्यवस्था लागू गर्ने, ज्ञानेन्द्रियहरूको प्रयोगको अभ्यासद्वारा सिकाइ गर्ने शिक्षण पद्दती अपनाउनु पर्ने, पूर्व प्राथमिक तहको कक्षा उपयुक्त व्यवस्थापनका लागि विद्यार्थीको उमेर र क्षमता अनुसार आवश्यक पर्ने प्रयाप्त सिकाइ सामग्री र विषयवस्तुहरूलाई दक्ष मानवीय सीपको प्रयोग गरी आकर्षक, मनोरञ्जनात्मक र व्यवस्थित ढंगले कक्षाकोठामा व्यवस्थापन गरिएमा कक्षा कोठा बालमुखी सिकाइको थलो भइ सिकाइमा सहजता र प्रभावकारिता आउन सक्ने निष्कर्ष निकालिएको छ ।

## ५.३ सुझावहरू

पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापन शीर्षकको यस शोध कार्यमा निर्धारित उद्देश्यहरू परिपूर्ति गर्ने सन्दर्भमा प्राप्ति र निष्कर्षको आधारमा पूर्व प्राथमिक तहको कक्षाकोठा व्यवस्थापनमा सुधार ल्याउनका लागि निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएको छ :

पूर्व प्राथमिक तहको विद्यालयमा प्रयाप्त मात्रामा बालसुलभ वातावरण हुने खालको भौतिक र शैक्षिक सुविधाको व्यवस्था गरिनु पर्दछ । कक्षाकोठामा भेदभाव विहिनता, आत्मविश्वास बढाउने खालको, आदर सम्मान र सहयोगात्मक व्यवहारको वातावरण गराइनु पर्दछ । कक्षाकोठामा बालबालिकाहरूलाई पारिवारिक वातावरणमा सिकाउने र सिक्ने विषयवस्तुलाई आफ्नो दैनिक जीवनमा प्रयोग गर्न सक्ने गरी सिकाउनु पर्दछ ।

विद्यालयको कक्षाकोठाको उचित व्यवस्थापन गर्न शैक्षिक सामग्री र विषयवस्तुको उचित व्यवस्था गर्न विद्यालयमा समग्र शैक्षिक वातावरण कायम गर्न पूर्व प्राथमिक विद्यालय सञ्चालक समिति, वि.व्य.स. विद्यालय प्रशासन, शिक्षक, अभिभावक र विद्यार्थी बीच

समन्वयात्मक, सहयोगात्मक कटिवद्धता र सिर्जनशीलताको वातावरण हुनु पर्दछ । कक्षाकोठामा विभिन्न विषय सिकाइ क्षेत्र र क्रियाकलाप क्षेत्रको व्यवस्था गरिनु पर्दछ । जसले बालवलिकाहरू स्वतन्त्ररूपमा आफ्नो चाहना अनुरूप कार्य गर्न अरुसँग घुलमिल हुन, अन्तरक्रिया गर्न, ठूलो समूहमा सहभागी हुन, बहुपक्षीय प्रतिभाको विकास गर्न उनीहरूको उमेर क्षमता र स्तर अनुसार विषयवस्तु छनौट गरी उचित शैक्षिक वातावरणमा बालबालिकाहरूलाई स्वयम् सक्रिय बनाउन सहयोग पुग्दछ ।

कक्षाकोठामा शैक्षिक सामग्रीहरू बालबालिकाले सजिलै देख्न र छुन सक्ने गरी आँखाको उचाई पुग्न सक्ने तहमा राख्ने गर्नु पर्दछ । सिकाइमा प्रयोग हुने सामग्री दराज भाडा वा पलाष्टिकमा सामानको नाम वा सम्बन्धीत चित्र लेबलिङ गरी राखेमा प्रयोग गर्न, सिक्न र सिकाउन सजिलो हुन्छ । पूर्व प्राथमिक तहमा शिक्षण गर्न महिला शिक्षकको व्यवस्था गरी सहयोगी शिक्षकलाई समयसमयमा पुनर्ताजकी तालिम दिइ कक्षाकोठामा शैक्षिक सामग्रीहरूको मनोरञ्जनात्मक ढंगले प्रयोग गराई बालसंसार सिर्जना गर्नु पर्दछ ।

कक्षाकोठामा भुइ भित्ता र सिलिङमा राखिने सामग्री र विषयवस्तुहरूलाई आकर्षक रंगरोगन सहित कक्षाकोठालाई विद्यार्थी, आकर्षणको केन्द्र हुने गरी भित्तेलेखन चित्र निर्माण र सजावट गरिदिनु पर्दछ । शैक्षिक सामग्रीहरू होचो छेउबाट नखस्ने गरी चारैचिर साइडमा लाइनसँग राखी विद्यार्थीले सजिलोसँग अवलोकन गर्ने, प्रयोग गर्ने र राख्ने गरी व्यवस्थापन गर्नुपर्दछ । पूर्व प्राथमिक कक्षाको विद्यार्थीको सिकाइ मूल्यांकन, विद्यार्थी विषयगत घटना अभिलेख तथा निरन्तर मूल्यांकन प्रक्रियाबाट गरिनु पर्दछ ।

साथै कक्षाकोठा व्यवस्थापनमा न्युनतमरूपमा निम्न लिखित सामग्रीहरूको व्यवस्था गरिनु उपयुक्त हुन्छ । स्वावलम्वनका सीप बौद्धिक, सामाजिक संवेगात्मक, भाषिक र शारिरिक विकाससंग सम्बन्धीत खेलौना सामग्रीहरू । ऐना, घडी, मौसम चार्ट, वार चार्ट, नेमकार्ड, क्यालेण्डर । किरा, सागसब्जी, जनावर, लुगाफाटा, परिवार, शरीर, बाजा आदिका नमूनाहरू । मात्रा वोर्ड, पजल वोर्ड, काउन्टिङ स्टाण्ड, कलरवोर्ड, पुतली, पपेट तथा चित्रात्मक वालगीत कथा र कविताका कितावहरू । स्पर्शका सामानहरू, स्वावलम्बी सीप सिकाउने सामानहरू, गुडियाहरू, खेलौना बाजाहरू । स्थानीय स्तरमा सङ्कलन गर्न सकिने माग्लो,

नाङलो, सोली हलो, जुवा, वास मकै काठ, ढुङ्गा आदि जस्ता शैक्षिक सामग्रीहरू । जव चार्ट, पकेट वोर्ड उपस्थिति पार्टी कोठाको चारैतिर कालो पाटी, डिस्प्ले वोर्ड, जङ्गवोर्ड, किलाकांटी र कक्षाकोठामा पिङको व्यवस्था गर्नुपर्दछ ।

यसैगरी कक्षाकोठामा कार्पेटिङयुक्त भूइ बसाइको व्यवस्था, फोहर फाल्ने भाडा सरसफाई गर्ने सामान । पूर्व प्राथमिक कक्षा सञ्चालन समितिको नामावली र बैठक निर्णय पुस्तिका । विभिन्न अभिलेख पुस्तिका र अभिलेख फाइलहरू । विभिन्न जीवजनावर नक्शा, पशुपंक्षी बोटविरुवा फलफुल आदिको चार्ट । चिप्लेटी भऱ्याङ, साना बलहरू ढिकीच्याउ, पिङ, टायरको टनेल स्किपिङ जस्ता बाहिरी खेल सामग्रीहरूको व्यवस्था गर्नुपर्दछ । प्राथमिक उपचार बक्स तथा नियमित विद्यार्थी स्वास्थ्य परीक्षणंको व्यवस्था । विभिन्न अन्नवालिहरू गेडागुडीहरू फलफुलहरू, दैनिक प्रयोगमा आउने सामग्रीहरू, व्यक्तिगत सरसफाइका सामाग्रीहरू, पोशाकहरू, केही साना भाँडाकुडाहरू । तराजु, स्केल माटो वालुवा जस्ता वच्चाले अभ्यास गर्ने सिकाइका सामग्रीहरू । आधुनिक ज्ञान दिनेखालका (हेलिकोप्टर, टेलिभिजन, रेडियो, कम्प्युटर, विद्युतिय सामग्रीहरू आदि) नमूना सामग्रीहरूको व्यवस्था गरिएमा कक्षाकोठाको स्तरीय व्यवस्थापन भई सिकाइ गुणस्तरीय र उपलब्धिमूलक हुनेछ ।

# सन्दर्भ सामग्री


अग्रवाल, गोविन्दराम (२०६५) व्यवस्थापनका सिद्धान्तहरू, काठमाण्डौ : एम के पव्लिसर्स एण्ड डिस्ट्रीव्युटर्स ।

अध्ययनहरूको प्रतिवेदन (२०६३/०६४), सानोठिमी भक्तपुर : शिक्षा विभाग अनुसन्धान तथा शैक्षिक सुचना व्यवस्थापन शाखा ।

आचार्य, शिवप्रसाद (२०६५) प्राथमिक तहमा विद्यार्थीहरूले बीचमै विद्यालय छाडनुका कारणहरू अप्रकाशित स्नाकत्तोतर शोधपत्र त्रि.वि.तानसेन वहुमुखी क्याम्पस पाल्पा ।

काफ्ले, वासुदेव, श्रेष्ठ, चन्द्र बहादुर र सिन्हा, रामश्वरूप (२०६२) शैक्षिक प्रशासन सुपरीवेक्षण, काठमाण्डौं : विद्यार्थी पुस्तक भन्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रवहादुर (२०५७) शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, श्रीप्रसाद, मुडवरी, नवराज  (२०६३) शैक्षिक अनुसन्धान पद्दती, काठमाण्डौ, :जुपिटर प्रकाशक तथा वितरक प्रा.लि. ।

ढकाल, माधव प्रसाद (२०६६), शैक्षिक सुपरीवेक्षण, काठमाण्डौ : रत्न पुस्तक भण्डार ।

धिताल, तारक (२०६३) बाल सुलभ विद्यालय, रवि भवन काठमाण्डौ : सिविन ।

नेपालको आन्तरिम संविधान *(२०६३)* काठमाडौं : शितल सुलभ प्रकाशन ।

पोखरेल, कृष्ण प्रसाद (२०६५) सिकाइमा मानवसम्वन्धको प्रभाव एक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र  पू. वि. लुम्बिनी आदर्श डिग्री कलेज कावासोती ।

पौडेल, लेखनाथ (२०६४) शिक्षण पद्दती, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

बाल अधिकार कानुनमा के छ ? (२०५९) काठमाडौं नेपाल : नेपाल बालअधिकार सहयोग केन्द्र (क्याप-क्रोन) ।

भट्टराइ, होमनाथ (२०६२) पाठ्यक्रम र मूल्यांकन, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

रेग्मी, मुरारी प्रसाद तथा साथीहरू (२००४) कक्षाकोठामा मनोविज्ञान, काठमाण्डौ : न्यूहिरा बुक्स इन्टरप्राइजेज ।

वसेल, देवकुमार (२०६५) शैक्षिक उपलब्धी विस्तारमा आर्थिक पक्षको प्रभाव एक तुलनात्मक  अध्ययन, अप्रकाशित स्नाकत्तोतर शोधपत्र पू. वि. लुम्बिन आदर्श डिग्री कलेज कावासोती नवलपरासी ।

वाग्ले, मन प्रसाद (२०६४), शिक्षाको प्रारम्भिक परिचय, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरन्जिवी र शर्मा, निर्मला आदि (२०६७) शिक्षाको परिचय, काठमाण्डौ : एम.के. पब्लिशर्स एण्ड डिष्टिव्युटर्स ।

शिक्षा ऐन (२०२८) तथा शिक्षा नियमावली (२०५९) काठमाडौं बागबजार : आशिष पुस्तक भण्डार ।

शिक्षा मन्त्रालय (२०६२) प्रारम्भिक बाल विकास दिग्दर्शन पाठ्यक्रम सानो ठिमी भक्तपुर : बाल विकास शाखा ।

शिक्षा मन्त्रालय (२०६२) बाल मैत्री विद्यालय शिक्षक प्रशिक्षण पुस्तिका काठमाडौं : सेभद चिल्ड्रेन एलायन्स, शिक्षा विभाग ।

शिक्षा विभाग (२०६१) प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका सानोठिमी भक्तपुर : नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय ।

शिक्षा विभाग (२०६५) बालविकास केन्द्र पूर्व प्राथमिक कक्षाको राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शन पुस्तिका सानोठिमी भक्तपुर : नेपाल सरकार शिक्षामन्त्रालय ।

शिक्षा विभाग (२०६५) सबैका लागि शिक्षा सहयोगी पुस्तिका सानोठिमी भक्तपुर : नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय ।

सिंह, नागेश्वर, (२०६३), शिक्षाका आधारहरू, काठमाडौं : पैरवी प्रकाशन ।

सेभद चिल्ड्रेन, नेपाल (२०६०) बालसुलभ विद्यालय, रविभवन काठमाडौं : सिविन ।

Maria Montessori MD (1910) Montessori Method, website www. Montessori, edu.

National assessment of primary level (2065) Kathmandu : Roshan Printer.

School level educational statistics of Nepal (2064) consolidated report, Sanothimi Bhaktapur Government of Nepal Ministry of education and sports deportment of education.

School Level Educational Statistics of Nepal (2008) Research of education information Mgt section, Gov. of Nepal Department of education.

# पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापन

## परिशिष्ट - १

## नमूना छनौटमा परेका जनसंख्या विवरण

| क्र.स. | विद्यालय | प्र. अ वा प्रशासन | शिक्षक | विद्यार्थीको नाम | ठेगाना | अभिभावकको नाम | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | लक्ष्मी नि.मा.वि दर्छा-९ पाल्पा | हरि प्र. पौडेल | विष्णुकुमारी राना | १.पवित्राराना<br>२.शुभम श्रेष्ठ<br>३. सन्दिप सारु<br>४. सागर आले | दर्छा-३ पा.<br>दर्छा- ३ पा.<br>दर्छा- ९<br>दर्छा- ३ पा | १.गुन ब. राना<br>२. लक्ष्मी श्रेष्ठ<br>३. मना सारु<br>४. विष्णुमाया आल | १० |
| २. | रामपुर प्रा.वि. रामपुर -४ पाल्पा | १. गणेश प्रसाद गौतम | १. रिता भट्टराई | १. विश्वास पौडेल<br>२. सुसिमता कुमाल<br>३. भुमिका वि.क.<br>४. सरोज अधिकारी | रामपुर ३<br>रामपु ३<br>रामपुर ४<br>रामपुर ५ | १.भुपराज पोडेल<br>२. टिकाराम कुमाल<br>३. शान्ति वि.क.<br>४.दुर्गा अधिकारी | १० |
| ३. | अंशुवर्मा मा.वि. समलकोट -४ पाल्पा | १ पहल सिङ सिजाली | १. चित्रकला थापा | १. केम वा दर्जी<br>२. संगम राना<br>३. छहारी वाकावल<br>४. सपना राना | सहलकोट -४<br>सहलकोट -४<br>सहलकोट -३<br>सहलकोट-४ | १. झविलाल दर्जी<br>२. कुल ब. राना<br>३. प्रेम व वकावल<br>४. उमा राना | १० |
| ४. | लालीगुंरास प्रा. वि. वाका मलाङ-७ पाल्पा | १.मधुसुदन सोती मगर | १.पेमा राना श्रेष्ठ | १.श्यामकला खत्री<br>२. अमृत अधिकारी<br>३. विक्रम राना<br>४. सजिना अधिकारी | वाकामलाङ-७<br>वाकामलाङ-७<br>वाकामलाङ-७<br>वाकामलाङ-७ | १. पुष्पा खत्री<br>२. लक्ष्मी अधिकारी<br>३. वल ब. राना<br>४. भोजराज अधिकारी | १० |
| **जम्मा** | | **४ जना** | **४ जना** | **१६ जना** | | **१६ जना** | **४० जना** |

# पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापन

## परिशिष्ट - २

## विद्यालय सर्वेक्षण फाराम

विद्यालयको नाम ठेगाना

प्र.अ. ⁄ प्राचार्य

पूर्व प्राथमिक ⁄ वालविकासकक्षा सञ्चालन साल .........................देखि .......................

बालबालिका :- बालक........... बालिका .................. जम्मा .................................

सहयोगी कार्यकर्ताको नाम ..............................................................................

स. का.को अनुभव ......................... वर्ष ........................तालिम.........................

जम्मा शिक्षक संख्या

**१.क**) कक्षाकोठाको आकर्षण ..........व्यवस्थित ............सामान्य वालपेन्टिङ्गका विषयबस्तुहरू ...........................................................................................

कोठाको साईज ..........................................................................................

झ्यालढोकाको संख्या ............................ खोल्ने बन्द गर्ने व्यवस्था बालसुलभ छ ⁄ छैन ।

बसाइ व्यवस्था...........................................................................................

खानेपानी र सरसफाइको अवस्था.........................................................................

हावा र प्रकाशको अवस्था...............................................................................

**ख**) शैक्षिक सामग्री र व्यास्थापन

| **शैक्षिक सामाग्रीहरू** | **सामग्रीको प्रकार** | **जम्मा** | **व्यवस्थापनको तरिका** |
|---|---|---|---|
| कपडाको सामाग्री | | | |
| स्पर्शका सामाग्री | | | |
| खरिद वा बाह्य सङ्कलित सामाग्री | | | |
| खेलौनाका सामाग्री | | | |

| | | | |
|---|---|---|---|
| स्थानिय सङ्कलित सामाग्री | | | |
| एजु. किट बक्स | | | |
| जङ्क बक्स | | | |
| प्राकृतिक अवस्था देखाउने सामाग्री | | | |
| आधुनिक ज्ञानदिने शैक्षिक सामाग्री | | | |
| स्ववलम्वी सिप सिकाउने सामाग्रीहरू | | | |
| बालपुस्तकहरू | | | |
| अभिभावकबाट निर्मित वा सौजन्य सामाग्री | | | |
| डिस्प्ले बोर्ड | | | |
| बल्याक वोर्ड | | | |
| पुस्तकालय | | | |
| विषयगत कुना | | | |
| उपस्थिति बोर्ड | | | |
| उपस्थिति रजिस्टर, | | | |
| नि.मू.प.अभिलेख विवरण | | | |
| संञ्चित अभिलेख/व्यक्तिगत फाईल | | | |
| बैठक पुस्तिका | | | |
| संचालक समिति गठन र नामवली | | | |

**ग) कक्षाकोठाको सिकाइ वातवरणको वर्तमान अवस्था**

| **क.सं** | **विवरण** | **उच्च** | **मध्यम** | **न्युन** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | सामग्री व्यवस्थापनको अवस्था | | | | |
| २ | वाल सहभागिता र सक्रियताको अवस्था | | | | |
| ३ | भौतिक पूर्वाधारको अवस्था | | | | |
| ४ | कक्षाकोठाको वातावरण | | | | |
| ५ | स्वास्थय सरसफाई र पोषणको अवस्था | | | | |
| ६ | खानेपानी र शौचालय प्रयोगको अवस्था | | | | |
| ७ | कक्षाकोठा वाहिरको अवस्था | | | | |
| ८ | मानविय श्रोत र साधनको अवस्था | | | | |
| ९ | प्रशासनिक व्यवस्थापनको अवस्था | | | | |
| १० | विद्यालय अभिभावक र समुदाय विचको सम्वन्ध | | | | |

२. प्र.अ / सहजकर्ता र पूर्व प्राथमिक कक्षा वीच छलफल सम्वन्ध र अनुगमन

३.प्रथम त्रैमासिक मुल्याँकनमा आएको खास उपलब्धी तथा बालबालिकाको सकरात्मक परिवर्तनको विवरण (अंकमा भए औसत)

४. पूर्व प्राथमिक कक्षा व्यवस्थापनका लागि आन्तरिक तथा बाह्य सहयोग र सम्वन्ध

५. विद्यालयले सहजकर्ता र पूर्व प्राथमिक कक्षा व्यवस्थापन र शिक्षणमा पुऱ्याईरहेको मुख्य सहयोग ।

६. कक्षा व्यवस्थापन सम्वन्धमा अन्य केहि भए ,

# पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापन

## परिशिष्ट-३

## विद्यार्थीको अभिलेख सर्वेक्षण फारम

विद्यालयको नाम र ठेगाना

प्र.अ/प्राचार्य

सहजकर्ताको नाम जम्मा बालबालिकाको संख्या

१.विद्यार्थीको व्यक्तिगत विवारण

| क्र.सं | विद्यार्थीको नाम | ठेगाना | अभिभावको नाम | प्रबेश मिति | उमेर |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | | | | | |

२.शैक्षिक प्रगति विवरण (प्रथम त्रैमासिक अनुसार)

| क्र.सं | नाम | प्राप्तांक | प्रतिशत | श्रेणी | विद्यालय खुलेको दिन | उपस्थिति | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

३.व्यक्तित्व र क्रियाकलाप

| क्र.सं | नाम | अतिरिक्त कृयाकलापमा सक्रियता | | | व्यक्तित्व विवरण औसतमा | | | सुझाब |
|---|---|---|---|---|---|---|---|---|
| | | उच्च | माध्यम | न्युन | उच्च | माध्यम | न्युन | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

४.आचरण सम्बन्धी विवरण

| क्र.सं | नाम | गृहकार्य गर्ने | | | सामाजिक आचरण | | | स्वास्थ्य अवस्था | | | सुझाव |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उच्च | माध्यम | न्युन | उच्च | माध्यम | न्युन | राम्रो | सामन्य | न्युन | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

विद्यालयको छाप मिति

# पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापन

## परिशिष्टः-४

## बिद्यार्थीको व्यवहारिक पक्षको मुल्याँकनका लागि अवलोकन फाराम

विद्यालयको नाम / ठेगाना लिङ्ग

विद्यार्थीको नाम : अभिभावकको नाम : कक्षा/तह

| व्यवहार | अति उत्तम | उत्तम | मध्य | न्युन |
|---|---|---|---|---|
| १) काम गर्ने वानी | | | | |
| २) सामाजिक वानी | | | | |
| ३) स्वावलम्बी सीप | | | | |
| ४) विद्यालयको क्रियाकलाप | | | | |
| ५) घर तथा परिवारसँगको व्यवहार | | | | |
| जम्मा | | | | |

सङ्कलन गर्ने

# पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापन

## परिशिष्ट-५

## प्र.अ. का लागि अन्तरवार्ता प्रश्नावली

विद्यालयको नाम/ठेगाना

प्र.अ./प्रचार्यको नाम

१. पूर्व प्राथमिक कक्षा संचालक समिति गठन र नामवली छ/छैन ?

२. शैक्षिक सामाग्री रखाई तरिका कस्तो छ ?

३. शिक्षा कार्यलय/स्रोतकेन्द्र/अभिभावक र पूर्व प्राथमिक कक्षा वीचको बर्तमान सम्वन्ध र अनुगमनको अवस्था कस्तो छ ?

४. पूर्व प्राथमिक कक्षा व्यस्थापनका लागि सहयोग गर्ने आन्तरिक तथा बाह्य निकायहरू के के छन ?

५. हाल तपाईको पूर्व प्राथमिक तहको कक्षाकोठा व्यवस्थापन प्रक्रियामा देखिएका मुख्य समस्याहरू प्रस्तुत गर्नुहोस् ?

६. कक्षाकोठा व्यवस्थापनका लागि के कस्ता शैक्षिक सामग्रीहरू व्यवस्था गर्न जरुरी ठान्नुहुन्छ ? सामग्रीका नामहरू दिनुहोस् ?

७. (क) बसाइ व्यवस्थापनको उपयुक्त उपाय के हुन सक्ला ?
(ख) सामग्री रखाइको उपयुक्त उपाय के हुन सक्ला ?
(ग) चित्र, चार्टहरूको उपयुक्त रखाई व्यवस्था के हुन सक्ला ?
(घ) कालोपाटीको व्यवस्थाको उपयुक्त उपाय के हुन सक्ला ?
(ङ) शिक्षण व्यवस्थाको उपयुक्त उपाय के हुन सक्ला ?
(च) सिकाइ पद्धतीको उपयुक्त उपाय के हुन सक्ला ?
(छ) कक्षाकोठामा विषयवस्तु व्यवस्थापन प्रक्रियाको उपयुक्त उपाय के हुन सक्ला ?

८. कक्षा व्यवस्थापनमा अन्य केही छन् की ?

# पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापन

## परिशिष्ट - ६

## सहयोगी कार्यकर्ताका लागि अन्तरवार्ता प्रश्नावली

विद्यालयको नाम ठेगाना

सहजकर्ताको नाम

नियुक्ति तालिम

शैक्षिक योग्यता

१. पूर्व प्रथमिक कक्षामा कक्षा शिक्षण गर्नु हुन्छ कि विषय शिक्षण ?

२. बालबालिकासंग नजिक हुने आधारहरू के–के अपनाउनु हुन्छ ?

३. नजिको विद्यालयका सहजकर्ता संग आपसी छलफल कत्तिको गर्नुहुन्छ ?

४. तपाईले बालबालिकाहरूलाई दैनिक गराउने क्रियाकलापहरू के-के हुन् ?

| क.सं | क्रियाकलापको नाम | क.सं | क्रियाकलापको नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

५. बालबालिकाहरूलाई कसरी सिकाउनु हुन्छ ?

६. कक्षामा भएका सामाग्रीहरू सबै विद्यार्थीहरूको समान पहुँच छ कि छैन ? छ भने कसरी ?

७. कक्षामा भएका मुख्य मुख्य सामाग्री र विद्यार्थीलाई प्रयोग गराउने तरिकाहरू के-के छन् ?

८. अभिभावकसंग कसरी अन्तरकृया गर्नुहुन्छ ?

९. विद्यालयका शिक्षकहरू संग वसेर पूर्व प्राथमिक कक्षा र विषयवस्तुका विचमा छलफल गर्नुभएको छ कि छैन ? छ भने कसरी ?

१०. बालबालिकाहरूलाई स्वाबलम्वि सिप कसरी सिकाउनुहुन्छ ?

११. बालबालिकाहरूलाई खेलहरू कसरी खेलाउनुहुन्छ ?

१२. विद्यार्थीहरूको औसत हजिरी कति छ ?

१३. भर्ना देखि हाल सम्मा विद्यार्थीको व्यवहारमा आएको खास खास परिर्वन के के होलान् ?

१४. कक्षामा सामाग्री कसरी राख्नु भएको छ ?

१५. विद्यार्थीले प्रयोग गरेको सामाग्रीहरू आफै मिलाएर राख्न लगाउनु हुन्छ कि तपाईले व्यवस्थापन गर्नुहुन्छ ?

१६. विद्यार्थीहरूको स्याहार कसरी गर्नुहुन्छ ?

१७. विद्यार्थीहरूलाई संज्ञानात्मक र प्रयोगात्मक सिप कसरी सिकाउनुहुन्छ ?

१८. बालबालिकालाई पढाउदा अप्ठेरो त भएको छैन ? कस्तो अनुभव भएको छ ?

१९. कक्षाकोठामा सजावट, झ्यालढोका र बसाईको व्यवस्था कत्तिको वालमित्रवत छ ?

२०. हाल तपाईको पूर्व प्राथमिक तहको कक्षाकोठा व्यवस्थापन प्रक्रियामा देखिएका मुख्य समस्याहरू प्रस्तुत गर्नुहोस् ?

२१. कक्षाकोठा व्यवस्थापनका लागि के कस्ता शैक्षिक सामग्रीहरू व्यवस्था गर्न जरुरी ठान्नुहुन्छ ? सामग्रीका नामहरू दिनुहोस् ?

२२. (क) बसाइ व्यवस्थापनको उपयुक्त उपाय के हुन सक्ला ?

(ख) सामग्री रखाइको उपयुक्त उपाय के हुन सक्ला ?

(ग) चित्र, चार्टहरूको उपयुक्त रखाई व्यवस्था के हुन सक्ला ?

(घ) कालोपाटीको व्यवस्थाको उपयुक्त उपाय के हुन सक्ला ?

(ङ) शिक्षण व्यवस्थाको उपयुक्त उपाय के हुन सक्ला ?

(च) सिकाइ पद्धतीको उपयुक्त उपाय के हुन सक्ला ?

(छ) कक्षाकोठामा विषयवस्तु व्यवस्थापन प्रक्रियाको उपयुक्त उपाय के हुन सक्ला ?

# पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापन

## परिशिष्ट-७

## अभिभावकको लागि अन्तरवार्ता प्रश्नावली

अभिभावकको नाम र ठेगाना

आफ्नो बालबालिका पढेको विद्यालय

१. तपाईको बच्चा कति वर्ष भएको छ ? बच्चाको नाम के हो ?

२. तपाई विद्यालयमा कत्तिको आउनुहुन्छ ?

३. पूर्ब प्राथमिक कक्षा व्यवस्थापन सम्वन्धमा विद्यालय र सहजकर्ता संग अन्तरकृया तथा छलफल कत्तिको हुन्छ ?

४. तपाईले अन्य कक्षा र पूर्व प्राथमिक कक्षाकोठामा खास अन्तर के पाउनुभएको छ?

५. पूर्व प्राथमिक कक्षा व्यावस्थापनमा तपाईले केहि भौतिक सहयोग गर्नुभएको छ कि?

६. तपाईले भर्ना पछि हाल सम्म आफ्नो बालबालिकामा आएको खास परिवर्तन के के पाउनु भएको छ ? यसमा तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

७. विद्यार्थी मुल्याँकन प्रणाली र सिकाई क्रियाकलाप तपाईलाई कस्तो लागेको छ ?

८. हाल तपाईको पूर्व प्राथमिक तहको कक्षाकोठा व्यवस्थापन प्रक्रियामा देखिएका मुख्य समस्याहरू प्रस्तुत गर्नुहोस् ?

९. कक्षाकोठा व्यवस्थापनका लागि के कस्ता शैक्षिक सामग्रीहरू व्यवस्था गर्न जरुरी ठान्नुहुन्छ ? सामग्रीका नामहरू दिनुहोस् ?

१०. (क) बसाइ व्यवस्थापनको उपयुक्त उपाय के हुन सक्ला ?

(ख) सामग्री रखाइको उपयुक्त उपाय के हुन सक्ला ?

(ग) चित्र, चार्टहरूको उपयुक्त रखाई व्यवस्था के हुन सक्ला ?

(घ) कालोपाटीको व्यवस्थाको उपयुक्त उपाय के हुन सक्ला ?

(ङ) शिक्षण व्यवस्थाको उपयुक्त उपाय के हुन सक्ला ?

(च) सिकाइ पद्धतीको उपयुक्त उपाय के हुन सक्ला ?

(छ) कक्षाकोठामा विषयवस्तु व्यवस्थापन प्रक्रियाको उपयुक्त उपाय के हुन सक्ला ?

## परिशिष्ट-८

## विद्यार्थीसंग छलफलका अन्तवार्ता प्रश्नावली

**विद्यालयको नाम र ठेगाना**

**कक्षा**

१. तिम्रो नाम के हो ?

२. तिमी कति वर्ष भयौ ?

३. तिमी कति कक्षामा पढछौ ?

४. तिम्रो घर कहाँ हो ?

५. तिम्रो वाबा र आमाको नाम के हो ?

६. तिम्रो शिक्षकको नाम के हो ?

७ .तिम्रो कक्षामा जम्मा कति जना बिद्यार्थी छौ ?

८. अंग्रेजी वर्ण देखाएर भन ।

९. नेपाली वर्ण देखाएर भन ।

१०. भित्तामा के के चित्र छन् ?

११. अंग्रेजी गन्ती देखाएर भन ।

१२. कक्षामा भएका (केहि) सामाग्रीहरू देखाएर नाम भन ।

१३. आफु भन्दा ठुलोलाई कसरी आदर गर्छौ ?

१४. तिमीलाई विद्यालयमा आउदा रमाईलो लाग्छ ?

१५. तिमीले आफ्नो सरसफाई कसरी गर्छौ ?

१६. तिमीले के के गर्न जानेका छौ ? (केहि शोधने)

१७. कुन कुन सामान के के गर्न काम लाग्छ ? (देखाएर शोधने)

१८. एउटा गित गाउ ।

१९.समूहमा एउटा जानेको खेल खेल ।

२०. वल्याकवोर्डमा कसरी लेख्छौ लेखेर देखाउ ।

२१. कक्षाकोठाको सजावट कस्तो लाग्छ ?

२२. झ्यालढोका आफै लागाउन बन्द गर्न सक्छौ कि सक्दैनौ ?

२३. कक्षाकोठामा के के समस्याहरू देख्छौं ?

२४. कक्षाकोठामा के कस्ता शैक्षिक सामग्रीहरू राख्नुपर्ला ?

२५. (क) बसाइ व्यवस्थापनको उपयुक्त उपाय के हुन सक्ला ?
(ख) सामग्री रखाइको उपयुक्त उपाय के हुन सक्ला ?
(ग) चित्र, चार्टहरूको उपयुक्त रखाई व्यवस्था के हुन सक्ला ?
(घ) कालोपाटीको व्यवस्थाको उपयुक्त उपाय के हुन सक्ला ?
(ङ) शिक्षण व्यवस्थाको उपयुक्त उपाय के हुन सक्ला ?
(च) सिकाइ पद्धतीको उपयुक्त उपाय के हुन सक्ला ?
(छ) कक्षाकोठामा विषयवस्तु व्यवस्थापन प्रक्रियाको उपयुक्त उपाय के हुन सक्ला ?

# पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापन

## परिशिष्ट ९

## कक्षाकोठामा शैक्षिक सामग्रीको अवस्था

| | विद्यालय | | | |
|---|---|---|---|---|
| विवरण | लक्ष्मी | रामपुर | अंशुवर्मा | लालिगुराँस |
| १, शैक्षिक सामग्री विवरण | | | | |
| - कपडाका सामग्रीहरू | ७ | - | ६ | ५ |
| - स्पर्शका सामग्रीहरू | ५ | ३ | ४ | २ |
| - खरिद वा वाहय सङ्कलित सामग्रीहरू | ३० | ३० | १० | १ |
| - स्थानीय सङ्कलित सामग्रीहरू | १५ | ७ | १८ | ३६ |
| - एजु. किट बक्स | १ | - | - | - |
| - जंङ्ग बक्स | १ | - | - | - |
| - प्राकृतिक अवस्था देखाउने सामग्रीहरू | ५ | - | ७ | - |
| - आधुनिक ज्ञानदिने शैक्षिक सामग्रीहरू | ४ | २ | ६ | - |
| -स्वावलम्बी सीप सिकाउने सामग्रीहरू | ७ | - | ६ | ७ |
| - बालपुस्तकहरू | १० | - | २० | - |
| - अभिभावकबाट निर्मित वा सौजन्य सामग्री | ११ | ७ | २० | २६ |
| - डिस्पेल बोर्ड | - | - | - | - |
| ब्लाक बोर्ड | २ | १ | २ | २ |
| बाल पुस्तकालय | १ | - | १ | - |
| जव चार्ट | - | - | - | १ |
| - विषयगत कुना | ३ | - | ३ | - |
| - उपस्थिति बोर्ड | १ | - | - | - |
| - उपस्थिति रजिष्टर | १ | १ | १ | १ |
| - सि.ए.एस.अभिलेख विवरण | १ | - | १ | - |
| - संचित अभिलेख/व्यक्तिगत फाईल | - | - | १ | - |
| -पूर्व प्रा.वि. को छुट्टै कक्षाकोठा भएको | √ | √ | √ | कक्षा १ संग सगै राखेको |
| -जम्मा शैक्षिक सामग्री संख्या (न्युनतम मापदण्ड अनुसार हुनुपर्ने शैक्षिक सामग्री संख्या १६०) | ११३ (७१) | ५५ (३५) | ११२ (७०) | ९६ (६२%) |

(कोष्ठकको अंकले मापदण्ड अनुसारको प्रतिशत जनाउदछ) स्रोत :स्थलगत सर्वेक्षण २०६७

# पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापन

## परिशिष्ट १०

## विद्यार्थी सिकाइ प्रगति विवरण मूल्यांकन -२०६७

| क्र. सं. | विद्यालयको नाम | विद्यार्थीको नाम | औषत हाजिरी प्रतिशत | सिकाइ उपलब्धी प्रतिशत |
|---|---|---|---|---|
| १ | लक्ष्मी नि.मा.वि. दर्छा-९ पाल्पा | पबित्रा,राना<br>सुभम श्रेष्ठ, सन्दिप सारु,<br>सागर आले | | ८४<br>८५<br>९६<br>८४ |
| | जम्मा | औसत प्रतिशत | ८५ | ८७.२५५ |
| २ | रामपुर<br>प्र.वि.रामपुर -४<br>पाल्पा | विश्वास पौडेल<br>सुस्मिता कुमाल<br>भूमिका वि.क.<br>सरोज अधिकारी | | ६८<br>६८<br>६६<br>६५ |
| | जम्मा | औसत प्रतिशत | ६७ | ६६.७५५ |
| ३ | अंशुवर्मा मा. वि.<br>सहलकोट -४<br>पाल्पा | केम ब. दर्जी<br>संगम राना<br>छहारी वाकावल<br>सविता राना | | ८२<br>८४<br>९३<br>८० |
| | जम्मा | औसत प्रतिशत | ८२ | ८५५ |
| ४ | लाली गूराँस प्रा.वि,<br>वाका मालाङ-७<br>पाल्पा | श्याम कला खत्रि<br>अमृता अधिकारी<br>विक्रम राना<br>सजिना अधिारी | | ५३<br>६४<br>४८<br>७१ |
| | जम्मा | औसत प्रतिशत | ७३ | ५९% |

स्रोत: विद्यालय सर्वेक्षण २०६७

## परिशिष्ट १२

## कक्षाकोठाको अवस्था

| क- कक्षाकोठाको अवस्था | लक्ष्मी | रामपुर | अंशुवर्मा | लालीगुरांस | |
|---|---|---|---|---|---|
| - भूइ बसाइ व्यवस्था | √ | √ | √ | √ | मापदण्ड अनुसार भएको राम्रो |
| - बेञ्च बसाई व्यवस्था | - | - | - | - | |
| - आकर्षक कक्षाकोठा | √ | - | √ | √ | प्र.मापदण्ड अनुसार नभएको ( सामान्य) |
| - कक्षाकोठा सामान्य आकर्षण | - | √ | - | - | |
| - कक्षाकोठाका सामग्री व्यवस्थित सजावट | √ | - | √ | - | |
| - घुमाउरो चौरैतिर ब्लाकबोर्ड | √ | - | √ | √ | |
| - अगाडी ब्लाकबोर्ड | √ | √ | √ | √ | |
| ख-कक्षामा सामग्री व्यवस्थापन | | | | | |
| - भुइमा बेञ्चमा राउन्डिङ्ग राखेर | √ | | √ | | |
| - कक्षाको कुनामा व्यवस्थापन | | | | √ | |
| - वाकसभा व्यवस्थित | | √ | | | |
| ग- कक्षाकोठामा दैनिक गराइ राख्ने क्रियाकलाप संख्या | १४ वटा | ८ वटा | १२ वटा | ११ वटा | |

स्रोत :स्थलगत सर्वेक्षण २०६७

√ चिन्हले पूर्व प्राथमिक तहको न्यूनतम राष्ट्रिय मापदण्ड अनुसार भएको जनाउँदछ ।

# पूर्वप्राथमिक तहमा कक्षाकोठा व्यवस्थापन

## परिशिष्ट १३

## सिकाइ वातावरणको अवस्था

| विद्यालय | लक्ष्मी | | | रामपुर | | | अंशुवर्मा | | | लालीगुरांस | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) पूर्व प्रा.वि. तहको कक्षाको सिकाई वातावरण | उ | म | न्यू | उ | म | न्यू | उ | म | न्यू | उ | म. | न्यू |
| - सामग्री व्यवस्थापनको अवस्था | √ | | | | | √ | | √ | | | √ | |
| - बाल सहभागिता र सक्रियता | √ | | | | √ | | √ | | | | | √ |
| - भौतिक पूर्वाधार | | √ | | | | √ | √ | | | | √ | |
| - कक्षाकोठाको वातावरण | √ | | | | √ | | √ | | | | √ | |
| -स्वास्थ्य सरसफाई र पोषण | √ | | | √ | | | | √ | | | √ | |
| - खानेपानी र सौचालयको प्रयोग | √ | | | | √ | | √ | | | | √ | |
| - बाहिरी वातावरण | √ | | | | √ | | √ | | | | √ | |
| - मानवीय स्रोत र साधन | √ | | | √ | | | √ | | | | √ | |
| -प्रशासनिक व्यवस्थापन | √ | | | | | | √ | | | | √ | |
| - विद्यालय अभिभावक र समुदाय सम्बन्ध | √ | | | | √ | | | √ | | | √ | |
| सङ्केत रेजा संख्या | ९ (९०) | १ (१०) | | २ (२०) | ५ (५०) | ३ (३०) | ७ (७०) | ३ (३०) | | | ९ (९०) | १ (१० |

(कोष्ठकको अंकले प्रतिशत जनाउँदछ) स्रोत :स्थलगत सर्वेक्षण २०६७

# पूर्व प्राथमिक तहमा कक्षाकोठा व्यवस्थापन

## परिशिष्ट १४

## अन्तवार्ताका आधरमा प्राप्त कक्षाकोठामा व्यवस्था गर्नुपर्ने शैक्षिक सामाग्रीहरू

| सि.नं. | सिकाइ सामग्री तथा विषयवस्तुहरू | कैफियत |
|---|---|---|
| १. | भूई कार्पेटिङ गुन्द्रो वा चकटी | |
| २. | सफा र आकर्षक रंग रोगनयुक्त कक्षाकोठा | |
| ३. | कक्षाकोठा आकार विद्यार्थीको संख्या अनुसार मिलेको | |
| ४. | वाल सुलभ झ्यालढोका र छेस्किनी | |
| ५. | हावा र प्रकाशको व्यवस्थायुक्त कक्षाकोठा | |
| ६. | होचो १मि. सम्म अग्लो चारैतिर ब्लाकवोर्ड | |
| ७. | अगाडी ठूलो ब्लाकवोर्ड | |
| ८. | अगाडी डिस्प्ले बोर्ड | |
| ९. | उपस्थिति बोर्ड र रजिष्टर | |
| १०. | डोरमेट, चप्पल र्‍याक | |
| ११. | जङ्क वक्स, प्राथमिक उपचार बक्स | |
| १२. | सात वारको नाम अंग्रेजी, नेपाली | भित्तामा |
| १३. | अंक (१-१०),(1–10) | भित्तामा |
| १४. | A-Z र नेपाली व्यञ्जन चित्र सहित | भित्तामा |
| १५. | बाह्र महिनाको नाम नेपाली र अंग्रेजी | भित्तामा |
| १६. | प्राकृतिक अवस्था झल्काउने चित्र -पहाड, हिमाल, जंगल, तराइ, नदी आदि) | केही संख्यामा |
| १७. | फलफूल, फूल विरुवा आदिको चित्र चार्ट | |
| १८. | चित्रात्मक वालपुस्तकहरू | केही संख्यामा |
| १९. | कापी कलम पेन्सिल | |
| २०. | आकर्षक चित्रात्मक पत्र पत्रिका | केही संख्यामा |
| २१. | केही मुख्य जनावरको चित्र चार्ट | |
| २२. | केही मुख्य पक्षीको चित्र चार्ट | |
| २३. | नेपाली गणित अंग्रेजी विज्ञान सामाजिक विषय सँग सम्बन्धीत विषयवस्तु झल्केको विषयगत कुना | |
| २४. | खेलौनाका सामग्रीहरू | केही सख्यामा |

| | | |
|---|---|---|
| २५. | पपेट तथा गुडीयाहरू | केही संख्यामा |
| २६. | गोजी तालिका | |
| २७. | विभिन्न विषयवस्तुका फल्यासकार्डहरू | केही संख्यामा |
| २८. | केहि आधुनिक ज्ञानदिने सामग्रीका नमूना | केही संख्यामा |
| २९. | घडी, क्यालेन्डर | |
| ३०. | जव चार्ट | |
| ३१. | कूचो फोहर उठाउने र राख्ने भाडा | |
| ३२. | विभिन्न अन्नवाली, गेडागुडीका नमूना लेवलिङ गरी राखेको | भित्तामा |
| ३३ | दैनिक प्रयोगमा ल्याइने व्यक्तिगत सरसफाइका सामग्रीहरू (ब्रुस मञ्जन, काइयो, नङकट, रमाल आदि) लेवलिङ गरिराखेको | |
| ३४ | बाहिरी खेल सामग्री कक्षाकोठा बाहिर (चिप्लेटी, चाकाचुली, पिङ, आदि) | |
| ३५ | कक्षाकोठामा चारैतिर सिकाइ सामग्री राख्न होंचो फराकिलो वेञ्च | |
| ३६. | बालस्वास्थ्य परीक्षण समय समयमा गर्ने व्यवस्था गर्ने | |
| ३७. | विद्यार्थी पोशाकको व्यवस्था गर्नुपर्ने | |
| ३८. | सामग्री रखाई वालमैत्री र बालपहुच बनाइ राख्ने | |
| ३९ | कक्षा शिक्षण व्यवस्था अपनाउने | |
| ४०. | भित्री सिलिङमा पिङहरू बनाउने | |
| ४१. | स्थानीय सिकाइ सामग्री सङ्कलन गर्ने ढुङ्गा, सिन्का, गुच्छा, रुवा, ढोड आदि) | केही मात्रामा |
| ४२. | केहि वास्तविक वस्तुहरू सङ्कलन गरी राख्ने (सुन्तला, केरा, स्याउ, जग, अंखोरा, गिलास, सट पाइन्ट, फ्रक, चोलो, मोटो कुर्ता, सुरुवाल, जुत्ता मजा, टोप, चुरा आदि) | १/१ वटा कम्तिमा |
| ४३. | सथानीय निमित सामग्रीका नमूनाहरू -हलोजुवा, खोप, डालो, नाम्लो, नाङलो, डोको, सोली, हसिया आदि) | |
| ४४. | संचालक समिति नामावली टंसाइ, विद्यार्थी नामावली टसाई, विद्यार्थी व्यक्तिगत फाइल | |
| ४५. | एक कक्षा. २०-२५ विद्यार्थी राख्ने सो भन्दा धेरै भए अर्को कक्षा चलाउने | |
| ४६. | खानेपाली शौचालय प्रयोगको बालसुलभ व्यवस्था हुनुपर्ने | |
| ४७. | हप्ताको कम्तीमा २ पटक पुस्तकालयमा लगी ज्ञानसीप सिकाउने व्यवस्था गर्ने | |
| ४८. | अभ्यासबाट खेल्दै सिक्दै गर्ने व्यवस्था भएको कक्षाकोठा | |

स्रोतः स्थलगत सर्वेक्षण २०६७